# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बुढानीलकण्ठ नगरपालिका
## काठमाडौं

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बुढानीलकण्ठ नगरपालिका
## काठमाडौं

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बुढानीलकण्ठ नगरपालिका

## काठमाडौं

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

निष्ठा *(Integrity)*

स्वतन्त्रता *(Independence)*

व्यावसायिकता *(Professionalism)*

पारदर्शिता *(Transparency)*

जवाफदेहिता *(Accountability)*

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**अनामनगर/बबरमहल, काठमाडौं, नेपाल**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

बागमती प्रदेश

मितिः २०८१।०२।१३

प.सं. २०८०।८१

च.नं. १७७

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री नगर प्रमुखज्यू,

बुढानीलकण्ठ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

हात्तीगौडा, काठमाडौं ।

१. **कैफियत सहितको राय** - हामीले बुढानीलकण्ठ नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.१६ करोड ११ लाख ६८ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.१० करोड ६२ लाख ७३ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.७१ लाख ४४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ५ करोड ३० लाख ५ हजार, नियमित गर्नुपर्ने रु.५२ लाख २ हजार र पेश्की बाँकी रु.६४ लाख ५६ हजार समेत रु.७ करोड १८ लाख ७ हजार रहेको छ । बुढानीलकण्ठ नगरपालिकाको गतवर्ष सम्म रु.४६ करोड १७ लाख ५७ हजार बेरुजू बाँकी रहेकोमा

हालसम्मको अद्यावधिक बेरुजू रु.४८ करोड ८० लाख ४० हजार रहेको छ । पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी बुढानीलकण्ठ नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(शंकर प्रसाद पन्थी)**

**नायब महालेखापरीक्षक**

बुढानीलकण्ठ नगरपालिका,

काठमाडौं जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ४७ | ३०५ | १६११६८ | ० | १५४ | १०६२७३ | १६९१२ | ४७ | १५१ | ७१८०७ | ७१४४ | ५२०२ | ५३००५ | ० | ० | ५८२०७ | ६४५६ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| काठमाडौं | ४६१७५७ | ० | ४५५२४ | ४१६२३३ | ० | ७१८०७ | ४८८०४० |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९।८० (चालु वर्षको) | ११ | कर्मचारी अवकाश कोष रकमको प्रमाण पेश भई फस्यौंट | १००००००० |
| | | २२ | निम्नानुसार व्यक्ति, फर्म तथा कम्पनीहरुको पेश्की रकम फस्यौंट गरी प्रमाण पेश भएको | ३०६११५७१ |

| सि.नं. | व्यक्ति, फर्म वा कम्पनीको नाम | रकम |
|---|---|---|
| १ | बिकास तामाङ लामा | ३००००० |
| २ | मेनुका भुषाल | २००००० |
| ३ | अनिता मिजार | ३००००० |
| 4 | सरोज खत्री | २००००० |
| 5 | हेमन्त राज आचार्य | २००००० |
| ६ | सुकदेवी राई | ६००००० |
| ७ | गीता ठगुन्ना | १२०००० |
| 8 | गीता ठगुन्ना | २५०००० |
| 9 | गीता ठगुन्ना | ७५००० |
| १0 | गीता ठगुन्ना | ५००००० |
| ११ | शेषानन्द घिमिरे | ८०००० |
| १2 | बिनोद पाठक | ३००००० |
| १3 | जिबन खतिवडा | १७०००० |
| १4 | जिबन खतिवडा | २६८००० |
| १5 | रुद्र बहादुर कार्की | ११०८५७१ |
| 16 | सविन थापा | ६०००० |

| | | |
|---|---|---|
| 17 | ओम कुमारी गुरुङ | १५०००० |
| 18 | सरिता राई मल्ल | २००००० |
| 19 | बिमल घिमिरे | ५०००० |
| २0 | कविविध :६-२- ए.का.नि.ले.सिको/ | १५०००००० |
| 21 | कविविध :६-२- ए.का.नि.ले.सिको/ | १०००००००० |
| 22 | बुढानिलकण्ठ माध्यमिक बिद्यालय | २८०००० |
| 23 | बुढानिलकण्ठ माध्यमिक बिद्यालय | २००००० |
| जम्मा | | ३०६११५७१ |

| | | | | |
|---|---|---|---|---|
| | | २९ | रुद्र बहादुर कार्कीलाई बढि भुक्तानी भएको रकम असुल भई फस्यौंट | १०००० |
| | | ३० | कर्मचारीहरुलाई बढि दरमा भुक्तानी भएको रकम असुल भई फस्यौंट | ९३९२५ |
| | | ३१ | नर्म्स भन्दा बढी भुक्तानी भएको रकम असुल भई फस्यौंट | ७२२५ |
| | | ३८ | विद्यालयहरुले पोषाक तथा छात्रवृत्ति रकम वितरण गरी प्रमाण पेश गरेको आधारमा फस्यौंट | ३०००००० |
| | | ३९ | काठमाडौं उपत्यका प्रहरी कार्यालयले सिसि टिभि जडान गरी प्रगती विवरण पेश गरेको आधारमा फस्यौंट | २५०००००० |
| | | ४४ | नौलिन माविले आइसिटिको प्रमाण पेश गरेको आधारमा फस्यौंट | ६५०००० |
| | | ४५ | विद्यालयहरुले छात्रवृत्ति रकम वितरण गरी प्रमाण पेश गरेको आधारमा फस्यौंट | ११२२४०० |
| | | ४६ | विद्यालयहरुले पाठ्यपुस्तक खरिद तथा वितरण गरी प्रमाण पेश गरेको आधारमा फस्यौंट | ५०६४२७२ |
| | | ४७ | विद्यालयहरुले भेन्डिङ मेशिन खरिद तथा जडान गरी प्रमाण पेश गरेको आधारमा फस्यौंट | ६९०९९८ |
| | | ४८ | रुद्र बहादुर कार्कीलाई बढि ग्रेड भुक्तानी भएको रकम असुल भई फस्यौंट | १८१०० |
| | | ५०.१ | नपुग पारिश्रमिक कर रकम असुल तथा प्रमाण पेश भई फस्यौंट | ५६६२५ |
| | | ५०.२ | विद्यालयहरुले कार्यक्रम संचालन गर्दा कर कट्टा नगरेको रकम असुल भई फस्यौंट | २२४५५ |
| | | ५२ | ब्रो टेक इन्टरप्राइजेज प्रालिलाई बढि भुक्तानी भएको रकम असुल भई फस्यौंट | २४१४२ |
| | | ५९ | निर्देशिका विपरित बढि भुक्तानी रकम असुल भई फस्यौंट | ७५०० |
| | | ६० | बढी दरको बैठक भत्ता रकम असुल भई फस्यौंट | ३८२५ |
| | | ६३ | दोहोरो भत्ता रकम असुल भई फस्यौंट | ४०५५० |
| | | ६७ | अनियमित बैठक भत्ता रकम असुल भई फस्यौंट | ५७३७५ |
| | | ६८ | टिसर्ट वितरणको प्रमाण पेश भई फस्यौंट | १०३३९५ |
| | | ७० | बढी दरको बैठक भत्ता रकम असुल भई फस्यौंट | ११९०० |
| | | ७६ | मूल्य वृद्धि रकम प्रमाण पेश भई फस्यौंट | ५५४८८०२ |
| | | ८१ | अभियान अविशा जेभीको कार्य सम्पन्न पेश भई फस्यौंट | १९८७२४४८.८३ |
| | | ८३ | बिल भन्दा बढि भुक्तानी रकम असुल भई फस्यौंट | ४२८२३१ |

<table>
<tr><td></td><td></td><td>९८</td><td>सामाजिक सुरक्षा फिर्ता बाँकी रकम यकिन गरी प्रमाण पेश भई फस्यौंट</td><td>३८२७७३८</td></tr>
<tr><td></td><td>चालु वर्षको जम्मा</td><td></td><td></td><td>१०६२७३४७७.८३</td></tr>
<tr><td></td><td>गत विगत वर्षतर्फको</td><td></td><td></td><td></td></tr>
<tr><td rowspan="7">२</td><td rowspan="7">२०७८।७९</td><td>९</td><td>भुगोल कन्स्ट्रक्सनले कर समायोजन गरेको प्रमाण पेश भई फस्यौंट</td><td>२००९५७</td></tr>
<tr><td>३२</td><td>निम्नानुसार निर्माण व्यवसायीहरुको पेश्की रकम फस्यौट गरी प्रमाण पेश भएको
<table>
<tr><th>सि.नं.</th><th>निर्माण व्यवायी</th><th>रकम</th></tr>
<tr><td>१</td><td>सोवर्ण/जिवन जे.भी.</td><td>१३४५७६६</td></tr>
<tr><td>२</td><td>ओमबुद्ध/ओम बज्रगुरु जे.भि</td><td>१८०००००</td></tr>
<tr><td>३</td><td>तेज कन्ट्रक्सन</td><td>२२६७७७४</td></tr>
<tr><td>४</td><td>तेज कन्ट्रक्सन</td><td>२२६७७७५</td></tr>
<tr><td>५</td><td>औमबर्द्ध/औमबज्रगुरु जे.भि.</td><td>१४६५०००</td></tr>
<tr><td>६</td><td>नव सिर्जनशिल कन्स्ट्रक्सन प्रालि</td><td>१५८७९०५</td></tr>
<tr><td colspan="2">जम्माः</td><td>१०७३४२२०</td></tr>
</table></td><td>१०७३४२२०</td></tr>
<tr><td>३५</td><td>निम्नानुसार कर्मचारीहरुलाई कानुन विपरित भुक्तानी भएको रकम असुल भई फस्यौंट
<table>
<tr><th>सि.नं.</th><th>कर्मचारीको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>पूण्य प्रसाद काफ्ले</td><td>६३७५०</td></tr>
<tr><td>२</td><td>बासुदेव मल्ल</td><td>४९३००</td></tr>
<tr><td>३</td><td>सुकुलाल सुनुवार</td><td>२४६५०</td></tr>
<tr><td>४</td><td>परशुराम कार्कि</td><td>२४६५०</td></tr>
<tr><td>५</td><td>भगवती निरौला</td><td>२४६५०</td></tr>
<tr><td>६</td><td>अन्जना राई</td><td>७६५०</td></tr>
<tr><td>७</td><td>गोमा मग्रती</td><td>२३८००</td></tr>
<tr><td>८</td><td>शेषानन्द घिमिरे</td><td>३४००</td></tr>
<tr><td colspan="2">जम्माः</td><td>२२१८५०</td></tr>
</table></td><td>२२१८५०</td></tr>
<tr><td>४८</td><td>जिवन पुन मगरको कार्यक्रम संचालन गर्दा कर कट्टा नभएको रकम असुल भई फस्यौंट</td><td>३२००</td></tr>
<tr><td>५९</td><td>नेपाल विद्युत प्राधिकरणले रु.४,४६,२९४।-, रु.२,८८,४८२।- र रु.४८,०८०।- गरी रु.४४६२९४।- को पोल व्यवस्थापनको काम सम्पन्न गरी प्रमाण पेश भई फस्यौंट</td><td>७८२८५६</td></tr>
<tr><td>६०</td><td>Outdoor IP2 mp Camera 5 सेट खरिदको प्राविधिक परीक्षण प्रतिवेदन पेश भई फस्यौंट</td><td>४९७०८७</td></tr>
<tr><td>९८.४</td><td>निम्नानुसार कर्मचारीहरुको दोहोरो बैठक भत्ता रकम असुल भई फस्यौंट
<table>
<tr><th>सि.नं.</th><th>कर्मचारीको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>सुनिल महर्जन</td><td>१६९५७५</td></tr>
</table></td><td>५६६१००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | २ सौरभ लामिछाने १६८३००<br>३ किशन श्रेष्ठ १०२०००<br>४ कृजन भण्डारी १२६२२५<br>**जम्माः** **५६६१००** | |
| | | ९८.५ | सम्झना कुंवरको बैंक दाखिला कम गरेको रकम असुल भई फस्यौंट | ३५०७ |
| ३ | **२०७७।७८** | १४.१ | वैकल्पिक शिक्षण शिकाईको बिल भरपाई पेश भई फस्यौंट | ३६६६९५० |
| | | १४.२ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम खर्चको पुष्टि हुने प्रमाण पेश भई फस्यौंट | २०२००००० |
| | | २६ | बिद्युत पोल जडान गरेको प्रमाण पेश भई फस्यौंट | ७२२३८२२ |
| | | ३१.१ | एक बिद्यालय एक स्वास्थ्यकर्मीका लागि सामाग्री खरिद गरी हस्तान्तरण गरेको प्रमाण पेश भई फस्यौंट | ६९६६०७ |
| | | ३१.२ | स्वास्थ्य चौकीहरुको पेश्की रकम फस्यौंट गरी प्रमाण पेश भएको | ३००००० |
| | | ४० | फरक सामग्री प्रयोग गरेको रकम प्रमाण पेश भई फस्यौंट | १२९१३६ |
| | | ४७ | फरक सिमेन्ट प्रयोग गरेको रकम प्रमाण पेश भई फस्यौंट | २९७८५९ |
| | **गत विगतको जम्मा** | | | **४५५२४१५१** |
| | **कुल जम्मा** | | | **१५१७९४१२१.८३** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१ **(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १३ वडा रहेको छ भने क्षेत्रफल ३४.८० वर्ग किलोमिटर तथा १ लाख ५३ हजार ३०३ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०७।१३ देखि २०८०।८।१० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको विनियोजन, राजश्व, धरौटी, अन्य कारोबार, आय-व्यय गरी जम्मा रु.३,६३,०७,४८,२८३।७९ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची-१ मा संलग्न छ ।

## २ स्थानीय सञ्चित कोष

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७९।८० को एकीकृत आर्थिक विवरण निम्न बमोजिम रहेको छः

| सि.न. | आय तर्फ | | जम्मा | सि.न. | व्यय तर्फ | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | | | विवरण | रकम | |
| १ | गत वर्ष जिम्मेवारी | | १६३७५२९७३० | १ | चालु खर्च | ६८०७२०७७५ | ६८०७२०७७५ |
| | बैंक मौज्दात | १६३७५२९७३० | | २ | पुँजीगत खर्च | ८१९५५३७४९ | ८१९५५३७४९ |
| २ | राजस्व (आन्तरिक आय) | | ९५०८७०९२२ | ३ | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | १९८६५३४४४ |
| | क) आन्तरिक राजस्व | ३९७९१९४९१ | | | सामाजिक सुरक्षा तथा संरक्षण | १९७१५४१९४ | |
| | ख) राजस्व बाँडफाँड | ५५२९५१४३१ | | | प्रदेश पुर्वाधार विकास कार्यक्रम | ५००००० | |
| ३ | संघिय सरकार वित्तिय हस्तान्तरण | | ६६६५२६५६१ | | प्रदेश पुर्वाधार विकास कार्यक्रम | ९९९२५० | |
| | समानिकरण अनुदान | २७१८५७५०० | | ४ | कार्यसञ्चालन कोषहरुको खर्च | | ५४११३१२२ |
| | शशर्त अनुदान चालु | २७९००४००० | | | प्रकोप व्यवस्थापन कोष | १८२०४३०९ | |
| | शशर्त अनुदान पुँजिगत | ९५६६५०६१ | | | धरौटी | ३१९७०२७६ | |
| | बिशेष अनुदान चालु | २००००००० | | | विविध खर्च खाता | ३९३८५३८ | |
| ४ | प्रदेश सरकार | | ८८२८९००० | ५ | निकासा फिर्ता | | १२३२१५२४२ |
| | समानिकरण अनुदान | ३००७३००० | | | संघीय सशर्त | ९३५४११११ | |
| | शसर्त अनुदान चालु | २०७८१००० | | | प्रदेश सशर्त | १८१११२६२ | |
| | विषेश अनुदान | ७५००००० | | | प्रदेश समपुरक | ११५६२८७० | |
| | समपुरक अनुदान पुँजिगत | २९९३५००० | | ६ | बैंक मौज्दात | | १७६२१९५८३५ |
| ५ | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | १९८६५३४४४ | | संचित कोष | १५८४९६९९१७ | |
| | सामाजिक सुरक्षा तथा संरक्षण | १९७१५४१९४ | | | धरौटी खाता | ५३१८४५८२ | |
| | प्रदेश पुर्वाधार विकास कार्यक्रम | ५००००० | | | मर्मत संभार कोष | ६८६५९२ | |
| | प्रदेश पुर्वाधार विकास कार्यक्रम त्रिपुरेश्वर | ९९९२५० | | | कर्मचारी कल्याण कोष | २७४१९६१३ | |
| ६ | कार्यसञ्चालन कोषहरुको आम्दानी | | ९६५८२५१० | | प्रकोप व्यवस्थापन कोष | ८७४९३०३७ | |
| | धरौटी | ४३५२३३०० | | | विविध खर्च खाता | ८४४२०९४ | |
| | कर्मचारी कल्याण कोष | १००००००० | | | | | |
| | प्रकोप व्यवस्थापन कोष कोरोना कोष समेत | ४०००००००० | | | | | |
| | विविध खर्च खाता | ३०५९२१० | | | | | |
| | जम्मा | ३६३८४५२१६७ | ३६३८४५२१६७ | | | ३६३८४५२१६७ | ३६३८४५२१६७ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## ३ वित्तीय प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

### ३.१ वित्तीय विवरणको यथार्थता

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१९,७१,५४,१९४।— र पर्यटन पूर्वाधार विकास कार्यक्रमको रु.१४,९९,२५०।- समेत गरी रु.१९,८६,५३,४४४।- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

### ३.२ फरक जिम्मेवारी

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.१,६३,८१,०४,७३०।४१ मौज्दात रहेकोमा यो वर्ष रु.१,६३,७५,२९,७३०।४१ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.५,७५,०००।- घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

## ४ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन्:

**वजेट व्यवस्थापनतर्फ**

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको,स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार नगरेको.
- दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकीकृत दीर्घकालिन योजना तयार नगरेको,

- स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना नगरेको,
- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको ।

**भ्रमण खर्च व्यवस्थापनतर्फ**

- भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमणअभिलेख व्यवस्थित नगरेको,
- नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको ।

**खरिद व्यवस्थापन तर्फ**

- स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको,
- सार्वजनिक खरिद ऐन, २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,
- सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण नगरेको,
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,
- स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख राख्ने नगरेको,

**शिक्षातर्फ**

- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन,
- शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन नभएको,
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको ।
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMS) अद्यावधिक नगरेको ।

**विविधतर्फ**

- मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ.टी.डि.एस. नगरेको,
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको,
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फस्र्योट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

५ **बजेट पेस, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१० मा रु.३ अर्ब २४ करोड ६८ लाख १९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।३।२५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। समयमै अख्तियारी बजेट कार्यक्रम हुँदा समेत पुँजीगत बजेट ४८.८१ प्रतिशत मात्रै खर्च भएको अवस्था छ । बजेट कार्यान्वयन दक्षता बढाउनु पर्ने देखिन्छ ।

६ **क्षेत्रगत बजेट तथा खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छः

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १०३५९६००० | ३४६१७७२० | २.३१ |
| २ | सामाजिक विकास | ६५१०३२२७६ | ३४१५९३२४७ | २२.७७ |

| | | | | |
|---|---|---|---|---|
| ३ | पूर्वाधार विकास | १९९१६६१७८५ | ८०८१११५९३ | ५३.८६ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ९४७५०००० | ६१८०२७६९ | ४.१२ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ४०५७७९००० | २५४१४९१९४ | १६.९४ |
| **जम्मा** | | **३२४६८१९०६१** | **१५००२७४५२४** | **१००.००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये पूर्वाधार विकासमा सबैभन्दा बढी ५३.८६ प्रतिशत र आर्थिक विकासमा सबैभन्दा घटी २.३१ प्रतिशत रहेको छ ।

७ **अबण्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.६,००,००,०००।- अबण्डा बजेट व्यवस्था गरी नगर प्रमुख सिफारिस योजनामा रू.२,४८,०५,२१२।- र उपप्रमुख सिफारिस योजना रू.३९,५०,०२१।- समेत रू.२,८७,५५,२३३।- खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णय तथा नगरप्रमुख र उपप्रमुखको तोक आदेशबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| सि.नं. | योजनाको नाम | खर्च |
|---|---|---|
| १ | गरिब घर परिवार पहिचान तथा परिचय पत्र वितरण गणक तथा सुपरिवेक्षकहरुको तलब भत्ता | १०८६६७० |
| २ | भवानीदल गणलाइ भुक्तानी | २००००० |
| ३ | वासिक नेवा पुच कार्यक्रम संचालन खर्च | २००००० |
| ४ | अन्तराष्ट्रय नाटक महोत्सव वापत मण्डला नाटक समुह नेपाललाइ भुक्तानी | १००००० |
| ५ | यज्ञडोल जगडोल युवा क्लबलाइ भुक्तानी | १००००० |
| ६ | मंगल नगरकोटिको नाममा शोधभर्ना | २००००० |
| ७ | एशोशिएशन अफ प्र-स्कुल एजुकेटर्स नेपाललाई भुक्तानी | १००००० |
| ८ | माध्यमिक विधालय स्तरिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन | १६००००० |
| ९ | जिंगल गित तथा भिडियो निर्माण | ९९४४० |
| १० | शेर्पा समाजलाइ ड्रेस खरिद बापत फिट प्वाइन्ट्स कलेक्सनलाई भुक्तानी | २९९०५२ |
| ११ | आर्थिक सहायता बापत नेशनल आइडियल बोर्डिङ्ग हाइस्कुललाइ भुक्तानी | ७४७२० |
| १२ | कपन मार्ग उ स | २३९९७८९ |
| १३ | मेयर कप फुटसल प्रतियोगिता -२०७९ खर्च | ४२४१५३ |
| १४ | शेर्पा संरक्षण समाज नेपाल | १००००० |
| १५ | क्रिस्चियन कार्यक्रम संचालन बापत नगर ईसाई समितिलाई भुक्तानी | १००००० |
| १६ | कपन महिला विद्यालय | २००००० |
| १७ | कक्षा ८ को परिक्षा संचालन तथा व्यवस्थापन खर्च | ५०८३१५ |
| १८ | तमु सोनाम तथा ग्याल्वो ल्होसार पर्व संचालन | ३०५०६६ |
| १९ | विविध खर्च व्यवस्थापनको लागि शिक्षा महाशाखाका रुद्र बहादुर कार्की | १३९२५०० |
| २० | भक्ति बेदान्त हस्पिटल एण्ड रिसर्च इन्टिच्युटलाई भुक्तानी | १००००० |

| | | |
|---|---|---|
| २१ | यज्ञमति डोल उ.स. | ६८६००१ |
| २२ | BTC र PTC तालिम संचालन | ५००००० |
| २३ | क्यान्टिन निर्माण बुढानिलकण्ठ मा.वि. लाई भुक्तानी | २००००० |
| २४ | जन उद्धार माध्यमिक विद्यालयलाई भवनको कम्पाउन्डमा ब्लक बिछ्याउने | ९८५८९६ |
| २५ | SKIA International Karatee Championship २०२२ मा सहभगाी हुने कार्यक्रमको लागि<br>सितोरियो कराँते गोल्फुटार डोजोलाई भुक्तानी | २५०००० |
| २६ | बुद्ध कोलोनी टोल सुधार समिति | ९९९८८७ |
| २७ | शिक्षकको पारिश्रमिक बापत मदन आश्रित आ बि र यज्ञमति मा विलाई भुक्तानी | १२००००० |
| २८ | महिला।एकल महिला समुहका लागि धुप बनाउने कच्चा पदार्थ खरिद | १९९२९८ |
| २९ | बुढानिलकण्ठ मोडल कम्युनिटि एकेडेमी कक्षा ४-१० बास्केटबल प्रतियोगिता संचालन | ३००००० |
| ३० | कक्षा ८ को अन्तिम परिक्षाका लागि उत्तर पुस्तिका ।प्रश्नपत्र लगाएत अन्य सामाग्री छपाइ | ९१९२५२ |
| ३१ | सामुदायिक र निजी विधालयका प्रिन्सिपल।शिक्षक।शिक्षाविद।सरोकारवाला सहित शैक्षिक गुणस्तर तथा नीति सम्बन्धी कार्यक्रम संचालन | २५०००० |
| ३२ | कागेश्वरी मन्दिर व्यवस्थापन एवं पर्यटन विकास समिति | १११११९ |
| ३३ | वडा नं ०८ मा ढल तथा सडक स्तरोन्नति तथा निर्माण उ.स. | २११४४७० |
| ३४ | विद्यालय स्तरिकरण र विधार्थी मुल्याङ्कन सामाग्री छपाइ | २०००००० |
| ३५ | विधालय स्तरिकरण र विधार्थी मुल्याङ्कन सामाग्री छपाइ ललित विक्रम सिंह | २०००००० |
| ३६ | स्थानीय पाठ्य पुस्तक छपाइ | ३१७१६९७ |
| ३७ | विविध खर्च व्यवस्थापनको लागि शिक्षा महाशाखाका रुद्र बहादुर कार्की | १०५६४५९ |
| ३८ | सीप सम्मेलन तथा कृषि मेला कार्यक्रम | ५१७०३१ |
| ३९ | बाजा सामाग्री खरिद बापत इन्स्टुमेन्टल जोन | ३९९६८१ |
| ४० | मेरो गाउँ मेरो ठाउँ राष्ट्रब्यापि बृत्तचित्र प्रतियोगिता | २००००० |
| ४१ | रत्नज्योती उपभोक्ता समिति | १९९७९८६ |
| ४२ | श्री राम भित्री बाटो निर्माण उपभोक्ता समिति | ४२४८५३ |
| ४३ | सामुदायिक विद्यालय थप दिवा खाजा | ११३१४७० |

## ८ त्रैमासिक पुँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत | ८१९५५३७४९ | २३८४९७६८६ | ७७४७५९११ | १६४३८१८६९ | ३३९१९८२८३ | ३०८४१७०६६ |
| प्रतिशत | १००.०० | २९.१० | ९.४५ | २०.०६ | ४१.३९ | ३७.६३ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार प्रथम त्रैमासिकमा रु.२३,८४,९७,६८६।- (२९.१० प्रतिशत), दोस्रो त्रैमासिकमा रु.७,७४,७५,९११।- (९.४५ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.१६,४३,८१,८६९।- (२०.०६ प्रतिशत) र चौथो त्रैमासिकमा रु.३३,९१,९८,२८३।— (४१.३९ प्रतिशत) खर्च गरेको देखिएको

छ । यसरी नै आषाढ महिनामा मात्र रु.३०,८४,१७,०६६।- (३७.६३ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

९ **करार कर्मचारी**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८३ (८) मा पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, ईलेक्ट्रिसियन, चौकीदार, माली र सरसफाई सम्बन्धि पदमा मात्र प्रतिस्पर्धाको आधारमा सेवा करारमा लिनु पर्ने व्यबस्था उल्लेख छ।साथै स्थानीय सेवा गठन तथा संचालन ऐन,२०७९ को दफा ९(१४) मा कम्प्यूटर अपरेटर, सवारी चालक, कार्यालय सहयोगी र चौकीदार को लागि दरबन्दी भित्र रही व्यक्तीसंग करार गरी सेवा करारमा र ईलेक्ट्रीसियन, प्लम्बर र यस्तै काम गर्ने अन्य पदका दरबन्दीभित्र नपर्ने पदमा संस्थासंग करार गरी सेवा सम्पादन गराउन सकिने व्यहोरा उल्लेख छ। सो बिपरीत पालिकाले जन स्वास्थ्य अधिकृत, सुचना प्रविधि अधिकृत, छौटौं स्तरका ईन्जिनियर, प्राविधिक सहायक, सहायक पाँचौ स्तरका सव ईन्जिनियर, कार्यालय सहायक, अमिन,कम्प्युटर अपरेटर लगायतका विभिन्न पदहरुमा १२२ जना कर्मचारीहरु (ज्यालादारी समेत) करार सेवामा राखी करार कर्मचारी पारीश्रमिक खर्च भुक्तानी गरेको छ ।ऐनले तोकेको पदहरुमा मात्र प्रतिस्पर्धाको आधारमा स्वीकृत दरबन्दी भित्र रही करार सेवा लिनु पर्दछ र प्रदेश लोकसेवा आयोग मार्फत रिक्त दरबन्दीको पदपुर्ति गर्नुपर्दछ ।

१० **गत वर्षको दायित्व भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी रु.३६,९६,३९,११५।- भुक्तानी दिएको छ। वार्षिक बजेटले नखाप्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठूलो रकम भुक्तानी दिन बाँकी देखिएकोले वार्षिक बजेटले बहुवार्षीय कार्यक्रम स्वीकृत गरेको अवस्थामा बाहेक यस प्रकारको दायित्व सृजना हुने गरी खर्च नगर्ने व्यवस्था मिलाउनुपर्दछ ।

११ **कर्मचारी अवकाश कोष**

- **………..(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।३१ को निर्णयबाट रु.१,००,००,०००।- सम्परीक्षण गरिएको ।)**

१२ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय

तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

१३ **घर नक्सापास तथा अभिलेखीकरण**

केन्द्रीय तथ्याङ्क विभागको राष्ट्रिय जनगणना, २०७८ प्रारम्भिक नतिजा अनुसार यस नगरपालिकाभित्र संस्थागत परिवार बहेक २६ हजार ९१० घरधुरीहरू रहेकोमा नगरपालिकाले घर नक्सा पासबाट यो वर्ष रु.९,९९,४९,१९८।८७ राजश्व संकलन गरेको छ । नगरक्षेत्रभित्र अझै धेरै सङ्ख्यामा घरहरु अभिलेखिकरण भएका छैनन् । तसर्थ घर नक्सा पासलाई व्यवस्थित बनाउदै सबैलाई करको दायरामा ल्याउनु पर्ने देखिन्छ।

१४ **खर्च विश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.३९,७९,१९,४९०।८३ राजस्व बाँडफाँड र अनुदानबाट रु.१,२८,११,३४,२५८।९८ समेत रु.१,६७,९०,५३,७४९।८१ आम्दानी भएकोमा चालुतर्फ रु.६८,०७,२०,७७४।७८ र पुँजीगततर्फ रु.८१,९५,५३,७४९।३० र वित्तीय व्यवस्थातर्फ रु.५,४१,१३,१२१।९० समेत रु.१,५५,४३,८७,६४५।९८ खर्च भएको छ । खर्चमध्ये आन्तरिक आयको हिस्सा २५.५९ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.१,६२,७१,७९५।- खर्च भएको छ जुन आन्तरिक आयको ४.०८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४०.५४ प्रतिशत चालु र ४८.८१ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१५ **फोहोरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

१६ **कानुन निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म १९ वटा ऐन, ४ वटा नियमावली, ५८ कार्यविधि, १० निर्देशिका, २ मापदण्ड, २ आचारसंहिता, १ विनियम, ४ नीति लगायत १०० वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।

१७ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा

विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ३७ र यो वर्ष थप भएको ८० गरी कुल ११७ विवाद दर्ता भएकोमा ९२ वटा मात्र फस्यौंट भई २५ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## १८ कर संकलन प्रणाली

नगरपालिकाले केन्द्र र १३ वटै वडाबाट दैनिक रुपमा कर तथा दस्तुर संकलन गर्दै आएको छ । आर्थिक ऐनले तोकेको दरमा कर निर्धारण गरी असुल गर्न सेवा प्रदायक सांग्रिला इन्फोर्मेटिक्स प्रा.लि.संग सम्झौता गरी कर संकलन सफ्टवेयर प्रयोगमा ल्याएको छ । सेवाग्राहीको विवरण सफ्टवेयरमा पोस्टिङ्ग गरी कम्प्युटर विलका आधारमा रकम संकलन गर्ने र नगरपालिका तथा वडाका कर्मचारीले नियमानुसार बैङ्कमा दाखिला गर्ने गरेको बताएपनि संकलित रकम वडा कार्यालयको प्रशासनिक कार्यमा खर्च गरी पछि पालिकाबाट सोधभर्ना गर्ने गरेको पाइयो । सफ्टवेयरको संचालन, परिमार्जन तथा व्यवस्थापन सेवा प्रदायक कम्पनीले मात्र गर्ने, नगरपालिकाको प्रणालीमा नियन्त्रण नहुने, सेवा प्रदायकले रकम कलममा हेरफेर गरेमा पत्ता लगाउने नियन्त्रण व्यवस्था कायम नहुने जस्ता कार्यले आन्तरिक आय संकलन र लेखाङ्कनमा आन्तरिक नियन्त्रण प्रणाली विश्वस्त र भरपर्दो देखिएन । सफ्टवेयरबाट दैनिक भएको आम्दानीको जम्मा कर्ता सेवाग्राही, कार्य, जम्मा रकम समेत देखिने दैनिक विवरण तयार गरी सोही आधारमा साप्ताहिक, मासिक र वार्षिक विवरण तयार गर्नुपर्नेमा बैङ्क दाखिला भौचर मात्र संकलन गरी आर्थिक प्रशासन शाखाले आम्दानी बाँधी संकलन भएको आम्दानी लेखाङ्कन भए नभएको विश्वस्त हुने आधार देखिएन। आय संकलन, लेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाई थप पारदर्शी तथा सुदृढ गरी आय व्यवस्थापन प्रभावकारी बनाउनुपर्दछ ।

पालिकाले यस वर्ष देहाय बमोजिम आन्तरिक राजस्व प्राप्त गरेको छः

| वडा नं | असुली रु. | दाखिला रु. |
|---|---|---|
| १ | १०७२६१७४.७४ | १०७२६१७४.७४ |
| २ | १७४२७९७४.८२ | १७४२७९७४.८२ |
| ३ | २००६०६५१.८३ | २००६०६५१.८३ |
| ४ | १४५३२४३८.०६ | १४५३२४३८.०६ |
| ५ | ११६८०२६१.०७ | ११६८०२६१.०७ |
| ६ | १३२६४८३४.९६ | १३२६४८३४.९६ |
| ७ | १५७३७५३७.५७ | १५७३७५३७.५७ |
| ८ | ३२१९४९०४.४९ | ३२१९४९०४.४९ |
| ९ | २८१०१०२२.१७ | २८१०१०२२.१७ |
| १० | ३४२२४९२१.१७ | ३४२२४९२१.१७ |
| ११ | १७७६२४१४.४२ | १७७६२४१४.४२ |
| १२ | १६२९२५५३.६२ | १६२९२५५३.६२ |
| १३ | ८५४२८२९.६३ | ८५४२८२९.६३ |
| पालिका | १२२९८७००१.१५ | १२२९८७००१.१५ |
| अन्य | ३४३८३९७१.१३ | ३४३८३९७१.१३ |
| **जम्मा** | **३९७९१९४९०.८३** | **३९७९१९४९०.८३** |

## १९ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२८,७०,००,०००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.३९,७९,१९,४९०।८३ अर्थात् अनुमान भन्दा ३८.६४ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

## २० कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ८0000000.00 | ९२४१२८०६.00 | ११५.५२ |
| घरजग्गा वहाल कर | ६0000000.00 | ९७६०८६४१.४२ | १६२.६८ |
| व्यवसाय कर | ३0000000.00 | २४१३६३३९.00 | ८०.४५ |

पालिकाभित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनुपर्दछ ।

## २१ विवरण प्राप्त नभएको

पालिकासँग पालिकाभित्र राजस्व बुझाउन सम्भाव्य भएका तर करको दायरामा नआएका करदाता, उद्योग, होटेल, रेष्टुरेन्ट, अस्पताल, पसल जस्ता निकायको बारेमा नगर प्रमुखसहितको बैठकमा पटकपटकको विवरण माग गरिएको थियो । साथै चार गोटा वडामा लेखापरीक्षण डोर गएर वडा अध्यक्षज्यूहरूलाई समेत विवरण उपलब्ध गराई दिन पटकपटक अनुरोध गरिएकोमा नगर प्रमुख, वडा अध्यक्ष लगायत पालिकाले विवरण उपलब्ध गराएन । तसर्थ पालिकाभित्र कर तिर्ने (भाडा कर लगायत) करदाता, उद्योग, होटेल, रेष्टुरेन्ट, अस्पताल तथा पसलहरूको बारेमा परीक्षण गरी प्रतिवेदन पेस गर्न सकिएन । पालिकाभित्र रहेको पार्क भिलेज (होटेल, रेष्टुरेन्ट) तथा न्यूरो अस्पताल जस्ता ब्यवसायले पालिका स्थापनादेखि कुनैपनि कर बुझाएको देखिएको छैन । यस्ता निकाय लगायत अन्य सम्भाव्य निकायको विवरण तयार गरी राजस्वको दायरा बढाउन पालिकाले जिम्मेवार भूमिका निर्वाह गर्नुपर्दछ ।

| | |
|---|---|
|  |  |
| *पार्क भिलेज रिसोर्ट* | *न्यूरो अस्पताल* |

२२ **पेस्की व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विभिन्न निकाय व्यक्ति तथा संस्थालाई रु.२,४०,२९,९४१।- पेश्की दिएकोमा म्याद ननाघेको पेस्की रु.१,७५,७४,२८५।- र देहाय अनुसार कर्मचारी तथा संस्थालाई दिएको पेस्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु.६४,५५,६५६।- बाँकी रहेको देखिन्छ । नियमानुसार उक्त पेस्की असुल फस्यौंट हुनुपर्ने रु.

| सि.नं. | पेश्की लिएको मिति | भौ. न. | पेश्की लिने व्यक्ति फर्म वा कम्पनीको नाम | म्याद ननाघेको | म्याद नाघेको | जम्मा |
|---|---|---|---|---|---|---|
| | कर्मचारी | | | | | |
| १ | ०७/२७/२०७९ | ४४६ | राजेन्द्र प्रसाद उपाध्याय | | २५०००० | २५०००० |
| २ | ०७/२८/२०७९ | ४५५ | नरेन्द्र श्रेष्ठ | | ३५०००० | ३५०००० |
| ३ | ०८/१२/२०७९ | ५०१ | रविन्द्र अधिकारी | | १०५०००० | १०५०००० |
| ४ | ०१/२५/२०८० | १४७५ | रुद्र बहादुर कार्की | | ३३६०४१ | ३३६०४१ |
| ५ | ०२/०७/२०८० | १५७२ | रुद्र बहादुर कार्की | | ३७१९१४ | ३७१९१४ |
| ६ | ०३/१९/२०८० | २३६ | तुलसा थापा | | ८५००० | ८५००० |
| ७ | ०३/२२/२०८० | २१३४ | अनु सापकोटा | | ३००००० | ३००००० |
| ८ | ०३/२३/२०८० | २१५८ | स्वर्णिम अधिकारी | | २५०००० | २५०००० |
| | ठेकेदार | | | | | |
| १ | ०८/२८/२०७९ | ३३० | विरुवा । रानीवन जे.भि | २४००००० | ० | २४००००० |
| २ | १०/११/२०७९ | ३९४ | पलाञ्चोक कन्स्ट्रक्सन प्रा.लि. | ८००००० | ० | ८००००० |
| ३ | १०/२२/२०७९ | ४३२ | पलाञ्चोक कन्स्ट्रक्सन प्रा.लि. | १३००००० | ० | १३००००० |
| ४ | ११/११/२०७९ | ४६८ | रेलिगेर/ न्यु टेक जे.भी. | ६१८६६९१ | ० | ६१८६६९१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | ११/१८/२०७९ | ४८३ | बंगलामुखी । वि.एस. जे.भी. | १३०७००० | ० | १३०७००० |
| ६ | १२/१९/२०७९ | ६ | पशुपति कन्स्ट्रक्सन प्रा. लि. | ४५९५१५ | ० | ४५९५१५ |
| ७ | ०१/०६/२०८० | ८ | पशुपति कन्स्ट्रक्सन प्रा. लि. | ९५९५१५ | ० | ९५९५१५ |
| ८ | ०१/२५/२०८० | १० | न्यू डि. पी. निर्माण सेवा | ९१६३१९ | ० | ९१६३१९ |
| ९ | ०२/२८/२०८० | ७७७ | गुरु मेटल एण्ड कन्स्ट्रक्सन प्रा.लि. | ३२४५२४५ | ० | ३२४५२४५ |
| १० | ०३/०१/२०८० | ७९८ | कोटदेवी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ० | ३४६१५६ | ३४६१५६ |
| ११ | ०३/०१/२०८० | ७९९ | न्यू डि. पी. निर्माण सेवा | ० | ३७३००० | ३७३००० |
| १२ | ०३/०१/२०८० | ८०१ | कोटदेवी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ० | ३५५७०० | ३५५७०० |
| १३ | ०३/०१/२०८० | ८०२ | न्यू डि. पी. निर्माण सेवा | ० | ४५९४०० | ४५९४०० |
| १४ | ०३/२१/२०८० | ९३० | अमुषा प्रगति निर्माण सेवा | ० | ४१४००० | ४१४००० |
| | संस्थागत | | | | | |
| १ | ०१/२६/२०८० | १४८४ | नेपाल विधुत प्राधीकरण | | ७४४४५ | ७४४४५ |
| २ | ०७/०६/२०७९ | ३६६ | काठमाडौं उपत्यका खानेपानी लि. | ० | ७००००० | ७००००० |
| | अन्तर्गत निकाय | | | | | |
| ३ | ०३/१८/२०८० | ९०२ | श्री जनजागृति माध्यमिक विद्यालय | ० | ६४०००० | ६४०००० |
| | व्यक्तिगत | | | | | |
| १ | ०७/०६/२०७९ | ३७२ | गायत्री कार्की | | १००००० | १००००० |
| | | | **जम्मा** | **१७५७४२८५** | **६४५५६५६** | **२४०२९९४१** |

**(प्रारम्भिक प्रतिवेदन उपर पेश्की फर्स्यौट भई प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु. ३,०६,११,५७१।- सम्परीक्षण गरिएको ।)**

| | |
|---|---|
| पेश्की | ६४,५५,६५६ |

२३ **जनप्रतिनिधिलाई भुक्तानी**

नीति निर्माणमा संलग्न हुने जनप्रतिनिधिले कार्यक्रम संचालन गर्ने र पेश्की लिने कार्य गर्नु हुदैन। अषाढ र जेठ महिनाको भौचर परीक्षणमा पालिकाले निम्न बमोजिमका कार्यक्रम संचालनमा विभिन्न जनप्रतिनिधिहरुलाई पेश्की तथा सोधभर्ना खर्च भुक्तानी गरी वडाहरुमा संचालन भएको कार्यक्रम खर्च भुक्तानी गरेको छ। नीति निर्माण तहका जनप्रतिनिधि नै आर्थिक कार्यान्वयनको प्रकृयामा संलग्न हुनुले वित्तीय अनुशासन तथा पारदर्शीतामा प्रभाव पर्ने हुनाले यस्ता प्रकारका कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| भौचर नं र मिति | कार्यक्रम | भक्तानी लिने | खर्च रकम |
|---|---|---|---|
| २२१९, ३।२८ | स्वास्थ्य परीक्षण सम्बन्धि कार्यक्रम | ३ नं वडा सदस्य बालमाया श्रेष्ठको पेश्की फछ्यौंट | २०००००.० |
| २२०६, ३।२४ | एङकरीङ तालिम कार्यक्रम | ११ नं वडा सदस्य गंगा परियारको पेश्की फछ्यौंट | २०००००.० |
| २१६४, ३।२३ | कानुनी साक्षरता कार्यक्रम | ११ नं वडा सदस्य शर्मिला गौतमको पेश्की फछ्यौंट | २०००००.० |

| | | | |
|---|---|---|---|
| २०४३, ३।१९ | शीपमुलक तालिम कार्यक्रम | ११ नं वडा सदस्य गंगा परियारलाई भुक्तानी | १०००००.० |
| १८४८, ३।६ | बालबालिकालाई सामान वितरण | १२ नं वडा सदस्य मिना वयलकोटी पेश्की भुक्तानी | ४०००००.० |
| १८४५, ३।६ | मनोसामाजिक कार्यक्रम | ३ नं वडा सदस्य विक्रम राज श्रेष्ठको पेश्की फछ्यौंट | १०००००.० |
| १७९५, ३।३ | कानुनी साक्षरता कार्यक्रम | ११ नं वडा सदस्य शर्मिला गौतमको पेश्की फछ्यौंट | १५००००.० |
| १६४४, २।१८ | जेष्ठ नागरिक र एकल महिलालाई गोदावरी भ्रमण | ७ नं वडा सदस्य अनिल मिजार | ३०००००.० |
| १६४१, २।१८ | कौशी खेती कार्यक्रम | ५ नं वडा सदस्य तारा मिजारको पे फ | १५००००.० |
| १५१८, २।२९ | जेष्ठ नागरिकलाई कपडा वितरण कार्यक्रम | ११ नं वडा सदस्य सम्बर बहादुर गुरुङको पेश्की | ३०००००.० |
| **जम्माः** | | | **२१०००००.०** |

२४ **स्काउट तालिम**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को १० मा जिम्मेवार व्यक्तीले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न आवश्यक प्रमाण कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजातको आधारमा मात्र भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनु पर्ने व्यबस्था उल्लेख छ।पालिकाले भौचर नं २२२१,३।३१ मा ईन्द्र प्रसाद दाहालको पेश्की फछ्यौंटमा स्काउट आधारभुत तालिम कार्यक्रम जेठ १६ देखि २१ सम्म ककनीमा ४५ जना सहभागी र ५ जना प्रशिक्षक उल्लेख गरी खर्च भुक्तानी रु ५ लाख गरेको देखियो।उक्त कार्यक्रममा ४५ जनालाई पोषाक खर्च रु १,०३,७४०।भुक्तानीको भर्पाईमा के कति बुझिलिएको विबरण नखुलेको र यातायात खर्च रु ३२,४००।भुक्तानीमा कसलाई कुन दरमा वितरण भएको हो सो को भर्पाई समेत समावेश नभएको तथा प्रशिक्षक खर्च रु ७२,०००।भुक्तानीमा कसले के विषय पढाए,कति समय अवधिमा कक्षा सेसन संचालन भएको हो सो को कार्यपत्र समेत समावेश नभएकोले सो कार्यक्रम लक्ष्य अनुसार नै प्रभावकारी ढंगमा मितव्ययी तरिकाले सम्पन्न भए वा भएन यकिन हुन सकिएन।तसर्थ पालिकाले यस्ता प्रकारका कार्यक्रम खर्च भुक्तानी गर्दा कार्यक्रम प्रभावकारी ढंगले र मितव्ययी रुपमा सम्पन्न भएको आस्वस्तताका लागि संलग्न कागजातको आधारमा मात्र भुक्तानी दिन रित पुगे वा नपुगेको यकिन गरेर मात्र खर्च भुक्तानी गर्नुपर्दछ ।

२५ **बढी भुक्तानी**

पालिकाले भौचर नं २१६४,३।२३ मा महिला अधिकार सम्बन्धि कानूनी साक्षरता कार्यक्रम संचालन बापत वडा नं ११ का वडा सदस्य शर्मिला गौतमको पेश्की फछ्यौंटमा कार्यक्रम खर्च रु २०००००। भुक्तानी गरेको छ। १९ गतेको २ जनालाई ४ कक्षाको प्रशिक्षक खर्च रु ४०००। २० गते ४ जनालाई प्रति कक्षा १ घण्टा ३० मिनेटको समयावधिको ८ कक्षा को रु ८०००।उलेख गरी भुक्तानीमा एकै दिनमा १० घण्टाको कक्षा सम्भव नभएकोले सम्बन्धित कार्यक्रम प्रभावकारी रुपमा संचालन भयो वा भएन यकिन हुन सकिएन।हल भाडा २ दिनको दैनिक रु ५०००।का दरमा रु १००००।मात्र भुक्तानी हुनु पर्नेमा ३ दिनको भएकोले बढी भुक्तानी रु ५०००। र उपस्थिति ११७ उल्लेख भई ३ दिनको खाजा खर्च भुक्तानी भएकोले पालिकाले बढी भुक्तानी यकिन गरी असुल गर्नु पर्ने।२०८०।३।१९ र २० मा कार्यक्रम संचालन भएको व्यहोरा व्यानरमा प्रष्ट देखिएकोमा कार्यक्रम खर्च ३ दिनको भुक्तानी भएकोले बढी भुक्तानी रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,२५० |

२६ **ल्होसार कार्यक्रम**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(८) मा आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदातालाई पच्चीस हजार भन्दा बढी रकम भुक्तानी गर्दा एकाउन्टपेयी चेकको माध्यमबाट भुक्तानी गर्नु पर्ने व्यवस्था उल्लेख छ।पालिकाले भौचर नं १४६६,१।२१ मा वडा नं १ का वडा अध्यक्ष सुरेन्द्र लामाको पेश्की फछ्र्यौट गरी तमु ल्होसार र ग्याल्बो ल्होसार कार्यक्रम संचालनको खर्चमा माँ लक्ष्मी डेकोरेशनलाई रु २,९२,६७१।,समरेशन ट्रस्टलाई रु २,८९,४२६।, बुढानिलकण्ठ पार्टी प्यालेसलाई रु ४,९७,२००।र अन्य फुटकर खर्च रु २६,०००।गरी कुल खर्च रु ११,०५,०६६।साँस्कृतिक पर्व खर्च शिर्षक र अवण्डा बजेटबाट भुक्तानी भएको छ।नियम विपरित पार्टीलाई भुक्तानी नगरी नीति निर्माण तहका जनप्रतिनिधिलाई भुक्तानी भएको खर्च रकम नियमसम्मत नभएको रु.

यस कार्यक्रम खर्चसंग सम्बन्धित अन्य व्यहोराहरु यस प्रकार रहेको छ।

- खर्चका बीलहरुको भ्याट बाहेकको कुल खर्च रकम रु ९,८१,१३०।मा अग्रिम कर १.५ प्रतिशतका दरमा रु.१४,७१७।- कट्टा हुनुपर्नेमा रु.८,६१७।- मात्र कट्टा भएकोले नपुग कर रु.६,०००।- असुल हुनुपर्ने रु.
- बुढानिलकण्ठ पार्टी प्यालेसको २०७९।१०।९ को विजक नं ५२ (हातले लेखेको) बाट भुक्तानी रकम रु.४,९७,२००।- मा भ्याट रु.५७,२००।- को कर समायोजन पत्र पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.
- माँ लक्ष्मी डेकोरेशनलाई रु.२,९२,६७१।- भुक्तानीमा आगामी बर्षको मिति २०८९।११।२७ उल्लेख भएकोले कार्यक्रमसंग सम्बन्धित खर्चहरु बास्तविक हुन् भन्नेमा विस्वस्त हुन सकिएन।
- मिति २०७९।१०।८ मा कार्यक्रम भएको उल्लेख भएतापनि कार्यक्रमको विस्तृत विबरण, कार्यतालिका, उपस्थिति संख्या, प्रमुख अतिथि, कार्यक्रम संचालनको विबरण र उपलब्धि सहितको कार्यक्रम प्रतिबेदन संलग्न नभएकोले कार्यक्रम संचालन मितव्ययी र पारदर्शी रुपमा सम्पन्न भयो भन्न सकिने आधार भएन ।

तसर्थ अनुत्पादक क्षेत्रमा र दिर्घकालिन उपलब्धि विनाको कार्यक्रम खर्च भुक्तानीमा पालिकाले नियम अनुसार र मितव्ययी रुपमा कार्यक्रम संचालन भएको खर्चको विस्वस्तता भएपछि मात्र भुक्तानी गर्नुपर्दछ।

| | |
|---|---|
| अनियमित भएको | ११,६८,२६६ |

२७ **बैठक भत्ता**

अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका, २०७७ को आठौं संशोधन २०७९ को बुँदा नं ७.१.१५ मा बैठक भत्ता भुक्तानी गर्दा बैठकको विषय बस्तु र गम्भीरताको यकिन गरेर कानुन अनुसार गठन भएको समितिका लागि मात्र बैठक भत्ता दिन मिल्ने,कार्यालय समयमा बसेको बैठकको भत्ता लिन नमल्ने व्यवस्था उल्लेख छ।आषाढ महिनाको बैठक भत्ताको केही भौचर परीक्षणमा सामाजिक विकास समितिको बैठक, विपद् व्यबस्थापन समितिको बैठक, मुल्यांकन समितिको बैठक तथा विभिन्न विषयगत शिर्षकको बैठक विहान, बेलुकाको समय र बैठकको समय समेत नखुलाई बैठक बसेको र आमन्त्रितको संख्या तोकिएको भन्दा बढी

संख्यामा राखी भत्ता भुक्तानी भएको छ।प्रायः बैठकको १।१ वटा मात्र निर्णय गरी बैठक सम्पन्न भएको देखिन्छ।तसर्थ आवश्यकताको आधारमा भन्दा पनि भत्ता प्रयोजनको लागि बैठक बस्ने कार्यमा सुधार गरी बैठकको बिषय बस्तु र गम्भीरताको आधारमा बैठक बसी तोकिएको मापदढण्डको पालना गरी मितव्ययी रुपमा बैठक खर्च भुक्तानी गर्नु पर्दछ।बैठक भत्ता भुक्तानीका केही उदाहरण निम्न बमोजिम रहेको छ ।

| भौ.नं. र मिति | बैठक | विबरण | भत्ता रकम |
|---|---|---|---|
| २०९२, ३।२१ | सहकारी संस्थाहरुको अनुगमन निरीक्षण एवं व्यबस्थापन समितिको २९ वटा बैठक | प्रत्योक बैठकमा १।१ वटा निर्णय, माईन्यूटको भाषा र विबरण समान रहेको र सहकारीको नाममात्र फरक राखेको। | ३३०००० |
| २२०९, ३।२१ | शिक्षक बैकको बैठक | ११ वटा बैठक भुक्तानीमा हरेक बैठकमा १।१ वटा निर्णय गरी बैठक सम्पन्न | ८०००० |
| २०२६, ३।१८ | बोलपत्र मुल्यौंकन समितिको ८ बैठक | प्रथम बैठक १।७ मा बेलुका ५.१५ मा गरेको निर्णय र दोस्रो बैठक १।८ मा विहान ८ बजे बसेको बैठकको माईन्युट समान रहेको र बैठक १ को निर्णय नं ४ लाई मात्र हटाएको। | ९६००० |
| १८७९, ३।८ | सामाजिक विकास समितिको बैठक | ६ सदस्यीय समितिमा आमन्त्रित संख्या ६ जना देखि १० जना सम्म राखी भत्ता भुक्तानी | १७८००० |
| १७४२, २।३० | विपद् व्यबस्थापन समितिको बैठक संख्या १० | बैठकको समय नखुलेको। | ११४००० |

२८ **बेरितको कर विजक**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकिएको ढाँचाको कर विजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । अषाढ महिनाको भौचर परीक्षणमा पालिकाले रित पूर्कको कर विजक बेगर देहायका सप्लायर्स तथा फर्मबाट मु.अ.कर रु ४७,१२९।- समेत रु.४,७५,०००।-मुल्यको सेवा खरिद गरेको छ। तसर्थ उक्त सप्लायर्स तथा फर्मले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेस हुनुपर्ने रु.

| भौ.नं. र मिति | सप्लायर्स | भुक्तानी रकम | मु अ कर |
|---|---|---|---|
| २२३३, ३।३१ | बुढानिलकण्ठ पार्टी प्यालेस एण्ड क्याटरिङ सर्भिस को २०८०।२।३० को विजक नं ११७ हातले लेखेको | २२५००० | १८३६८ |
| २०१३, ३।१७ | समृद्ध एड मिडिया नेटवर्क प्रा लि को २०८०।३।६ को विजक नं उल्लेख नभएको | २५०००० | २८७६१ |
| **जम्माः** | | | **४७१२९** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४७,१२९ |

२९ ***बढी भुक्तानी***

*..........(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.१०,००० ।- सम्परीक्षण गरिएको ।)*

३० **बढी दर**

बागमती प्रदेश सरकारद्धार प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को पहिलो संशोधन को अनुसुचि १(क) मा जनप्रतिनिधिले प्रतिबैठक रु.१०००।- का दरले बैठक भत्ता पाउने उल्लेख छ।अषाढ र जेठ महिनाको भौचर परीक्षणमा पालिकाले जनप्रतिनिधिको संयोजकत्वमा बसेको निम्न अनुसारको बैठक भत्ता भुक्तानी गर्दा ऐनमा तोकिएको दर भन्दा बढीमा भुक्तानी गरेको देखियो। पालिकाले तोकिएको दरमा भन्दा बढी भुक्तानी बैठक भत्ता अन्य महिनाको समेत यकिन गरी असुल गर्नुपर्ने रु.

| भौ नं र मिति | बैठक | भुक्तानी | बढी भुक्तानी | कर बाहेक |
|---|---|---|---|---|
| २२२२, ३।३१ | वडा नं २ देखि १३ सम्मको वडा वाल समिति गठन सम्बन्धि बैठक, वडा अध्यक्षको संयोजकत्वमा | विष्णु कुमारी सिंहको पेश्की फर्स्यौट रु.२६८०००।- | ६४५००.० | ५४८२५.० |
| २१८६, ३।२३ | आर्थिक विकास समितिको बैठक, कार्यपालिका सदस्य रिना श्रेष्ठको संयोजकत्वमा १७ बैठक | अच्युत खड्का पुवार | ५९५००.० | ५०५७५.० |
| १९५४, ३।१२ | विद्येयक समितिको बैठक ।कार्यपालिका सदस्य गोमा मंग्रान्तीको संयोजकत्वमा १० बैठक | बैक मार्फत ८ जनालाई | ३६०००.० | ३०६००.० |
| १५०६, १।२८ | वडा नं ३ को बैठक | बैंक भुक्तानी | ७२०००.० | ६१२००.० |
| जम्माः | | | | १९७२०० |

***(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।१२।०५ र २०८०।१२।०८ को निर्णयबाट रु.१३,९२५ ।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| *असुल गर्नुपर्ने* | *१,९७,२००* |

३१ **नर्म्स भन्दा बढी**

***..........(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।१२।०५ को निर्णयबाट रु.७,२२५ ।- सम्परीक्षण गरिएको ।)***

३२ **बढी दरको बैठक भत्ता**

बागमती प्रदेश सरकारद्धारा प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यको सेवा सुविधा सम्बन्धि ऐन,२०७५को (पहिलो संशोधन) दफा ४(क) मा न्यायिक समितिको बैठकमा उपस्थित सदस्यले अनुसुचि १(ग) बमोजिमको बैठक भत्ता पाउने व्यबस्था उल्लेख छ।पालिकाले भौचर नं १९५६,३।१३ मा माघ देखि अषाढ सम्मको न्यायिक समितिको बैठक भत्ता भुक्तानीमा समितिका सदस्य बाहेक अन्य पदाधिकारीलाई समेत भत्ता भुक्तानी भएको र तोकिएको दर भन्दा बढी दरमा बैठक भत्ता भुक्तानी भएको देखियो। बढी दरमा भुक्तानी भएको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| पद र नाम | बैठक संख्या र दर | भुक्तानी | हुनु पर्ने | बढी रकम (कर बाहेक) |
|---|---|---|---|---|
| संयोजक अनिता लामा | २४ बैठक | १५०० का दरमा रु ३६००० | १४०० का दरमा रु.३३६०० | २०४० |
| सदस्य सावित्रि ढकाल | २४ बैठक | १५०० का दरमा रु ३६००० | १२०० का दरमा रु.२८८०० | ६१२० |

| | | | | |
|---|---|---|---|---|
| सदस्य विकास तामाङ | २४ बैठक | १५०० का दरमा रु ३६००० | १२०० का दरमा रु.२८८०० | ६१२० |
| ईजलास अधिकृत पुण्य प्रसाद काफ्ले | २४ बैठक | १५०० का दरमा रु ३६००० | भत्ता दिन नमिल्ने | ६१२० |
| उजुरी प्रशासक मणिराम राई | २० बैठक | १५०० का दरमा रु ३०००० | भत्ता दिन नमिल्ने | ५१०० |
| सहायक चौथो अन्जना राई | २० बैठक | १५०० का दरमा रु ३०००० | भत्ता दिन नमिल्ने | ५१०० |
| **जम्माः** | | | | **३०६००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,६०० |

३३ **कार्यक्रम प्रतिबेदन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को ८ मा स्वीकृत कार्यक्रम अनुसार कार्यक्रम सम्पन्न भएपछि त्यस्तो कार्यमा भएको खर्च, खरिद गरिएको मालसामानको विबरण तथा विल भर्पाइ सहित कार्यक्रममा उपस्थित तथा कार्यक्रमबाट लावान्भित व्यक्तिको संख्या र उपस्थिति समेत समावेश गरी प्रतिबेदन तयार गर्नु पर्ने उल्लेख छ। पालिकाले निम्न कार्यक्रम बापतको खर्च भुक्तानीमा कार्यक्रम प्रतिबेदन वेगर खर्चका वील भर्पाईका आधारमा भुक्तानी गरेको देखियो।तसर्थ कार्यक्रम सम्पन्नको प्रतिबेदन तथा कार्यसंग सम्बन्धित खर्चका आवश्यक वील भर्पाई र प्रमाणका आधारमा मात्र भुक्तानी दिने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

| भौ नं र मिति | कार्यक्रम | भुक्तानि रकम | कैफियत |
|---|---|---|---|
| २२२४, ३।३१ | माध्यामिक विद्यालय स्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता | १६०००००। ईन्द्र प्र दाहालको पेश्की फछ्र्यौट | माघ २७ देखि २९ सम्म संचालन उल्लेख भएपनि कुन स्थानमा कार्यक्रम संचालन, कुन कुन विद्यालय समावेश , कतिवटा खेल समावेश, कसको आतिथ्यतामा खेल सम्पन्न भएको जस्ता विषयबस्तु समावेश गरी कार्यक्रम सम्पन्न प्रतिसेदन समावेश नभएको। |
| २२०५, ३।२४ | तेस्रो राष्ट्रिय खल्ला बक्सिङ प्रतियोगिता | ७०००००। | कति टिमको सहभागी, विजेता टिम, कुन स्थानमा खेल सम्पन्न , कसको उपस्थितिमा, कतिजना खेलाडी समावेश जस्ता विषयबस्तु समावेश नभएको।विभिन्न तौल समुहका १९ जनालाई रु ५० हजारका दरमा पुरस्कार वितरणका भर्पाई समावेश भएतापनि विस्तृत विबरण समावेश नभएको। |

३४ **तलबी प्रतिबेदन**

बागमती प्रदेश स्थानीय सेवा गठन तथा संचालन ऐन,२०७९ को दफा ६९(५) मा कार्यालयले प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा ईकाईबाट तलबी प्रतिबेदन पारीत नगराई तलब खर्च लेख्न नमिल्ने कुरा उल्लेख छ।साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१८, मिति २०७६।५।१८ को पत्रबाट स्थानीय तहका कर्मचारी र संघबाट कामकाजमा खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिबेदन पारीत गराउंनु पर्ने स्पष्ट निर्देशन रहेकोमा पालिकाले तलबी प्रतिबेदन पारीत नगराई नगरकार्यपालिका तर्फका ८३ (असाढको पेरुलमा) जना स्थायी कर्मचारीहरुको तलब तथा ग्रेड बापतको खर्च रकम रु.५,९४,३०,७८७।०० भुक्तानी गरेको छ।तलबी प्रतिबेदन पारित नगरी खर्च भएको रकम सम्बन्धमा यकिन गर्न सकिएन।तसर्थ ऐन तथा निर्देशन बमोजिम तलबी प्रतिबेदन पारीत गराएर मात्र खर्च लेख्नु पर्दछ ।

## ३५ अनुगमन भत्ता

बागमती प्रदेश सरकारद्धारा प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यको सेवा सुविधा सम्बन्धि ऐन,२०७५को (पहिलो संशोधन)मा स्थानीय पदाधिकारीहरुले अनुगमन गर्ने कार्यबापत भत्ता उपलब्ध गराउंने व्यबस्था उल्लेख भएको देखिदैंन। आषाढ र जेठ महिनाको श्रेष्ता परीक्षणमा पालिकाले जनप्रतिनिधि तथा कर्मचारीलाई विद्यालय अनुगमन,तालिम अनुगमन तथा कार्यक्रम अनुगमन बापत प्रतियोजनाको रु १०००।का दरले निम्न अनुसारको अनुगमन भत्ता भुक्तानी गरेको देखियो। पालिकाले अनुगमन कार्यको प्रतिबेदन समेत संलग्न नगरी, ऐन तथा नियममा व्यबस्था नभएको सुविधा भुक्तानीमा सुधार हुनुपर्दछ।

| भौचर नं र मिति | विबरण | अनुगमन |
|---|---|---|
| १८७४, ३।८ | सहकारी प्रशिक्षण तालिम अनुगमन | अनुगमनकर्ता केदार कुमार खड्कालाई २ दिनको रु.२०००.० कार्यक्रम संचालक अच्यूत खड्का |
| २२१४, ३।२७ | विद्यालय अनुगमन | नगर प्रमुख मिठाराम अधिकारी, उप प्रमुख अनिता लामा , प्रमुख प्रशासकीय अधिकृत तुल्सीराम अर्याल, ललित विक्रम सिंह लगायत ८ जनालाई रु.७५०००.० |
| १६४९, २।१८ | स्वास्थ शिविर तथा जनचेतना कार्यक्रम पेश्की फछ्यौंट प्रभा भुजेलको | ३ दिने अभिमुखीकरण कार्यक्रममा वडा अध्यक्ष बसनारायण महर्जन र वडा सचिव राजन पौडेललाई रु २०००.० भुक्तानी |
| १५८३, २।८ | पोषण क्षमता अभिबृद्धि कार्यक्रम पेश्की फछ्यौंट सम्झना कुँवरको | ब ज स्वा अ कुमार प्रसाद दाहाल ले अ मीनराज खड्का लगायत १२ जनालाई रु ३६०००.० |

## ३६ कृषि पशु अनुदान

पालिकाले कृषि तथा पशु कार्यक्रमा यस बर्ष रु १ करोड ०७ लाख ४८ हजार कुल अनुदान खर्च गरेकोमा कृषि, पशु,टनेल निर्माण तथा कृषि वजार प्रबर्द्धन, विभिन्न कृषि पकेट कार्यक्रम,कृषि सामाग्री खरिदमा दिएको निम्न बमोजिमको अनुदान रमकको पालिकाबाट सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्पष्ट स्थानीय अनुदान नीति तथा कार्यविधि नबनाई भुक्तानी भएको र टनेल निर्माणका सामाग्री वितरणमा खरिद प्रमृयाका कागजात र वितरण कार्य मात्र भएको देखियो ।कति वटा टनेल, कुन नाँप जाँचको जस्ता विषयबस्तु समावेश भएको प्राविधिक मुल्याँकन सहितको विबरण समावेश नभएकोले टनेल निर्माण भए वा भएनन् यकिन गर्न सकिएन। ।तसर्थ पालिकाले अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तह र वडा मार्फत वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी स्पष्ट कार्यविधि बनाई आवश्यकता अनुसार प्राविधिक मुल्यांकन गरेर मात्र दिनु पर्दछ। अनुदान कार्यका उदाहरण यस प्रकार रहेको छ ।

| कार्यक्रमको नाम | खर्च रकम | कैफियत |
|---|---|---|
| कृषि कार्यक्रमः | १०५०००० | ५० प्रतिशत अनुदानमा |
| प्लाष्टिक टनेल वितरण कार्य (पालिका अनुदान) | | |
| कृषि औजार वितरण (पालिका अनुदान) | ९५६००० | १०० प्रतिशत अनुदानमा |
| कौशी खेती सामाग्री वितरण (पालिका अनुदान) | ४८७००० | ५० प्रतिशत अनुदानमा |
| मिनी किट वितरण (पालिका अनुदान) | ९००००० | ५० र १०० प्रतिशत अनुदामा |

| | | |
|---|---|---|
| मल र कम्पोष्ट विन वितरण (पालिका अनुदान) | ८५१००० | ५० र ७५ प्रतिशत अनुदामा |
| पकेट विकास कार्यक्रम (संघीय अनुदान) | १२००००० | ५० र ७५ प्रतिशत अनुदामा |
| पशु कार्यक्रमः | ५००००० | ५० प्रतिहत अनुदानमा |
| काउ म्याट वितरण कार्यक्रम (पालिका अनुदान) | | |
| लगायतका अन्य कार्यक्रम अनुदान रु ४२ लाख ६७ हजार | | |

३७ **पूँजिगत प्रकृतिको कार्य**

सार्वजनिक खरिद ऐन,२०६३ को नियम २४(२) मा सरकारी रकम खर्च गर्दा साधनस्रोतको उच्चतम् प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी गर्नु पर्ने व्यबस्था उल्लेख छ। अषाढ र जेठ महिनाको नमुना छनौट भौचर परीक्षणमा पालिकाले देहाय अनुसारको निर्माणसंग सम्बन्धित कार्यहरुको खर्चलाई चालु शिर्षकमा समावेश गरी भुक्तानी गरेको देखियो। पालिकाले उपयोगिता सृजना गर्ने, अधिकतम प्रतिफल दिने दीर्घकालिन योजनाहरुको छनौट गरी सिमित स्रोतको उच्चतम सदुपयोग तथा गुणस्तरका लागि निर्माणसंग सम्बन्धि कार्यलाई पूँजिगत शिर्षकमा समावेश गरी कार्यक्रम निर्धारण गर्नुपर्दछ ।

| भौचर नं र मिति | कार्य | खर्च रकम |
|---|---|---|
| २०९१, ३।२० | वडा नं ८ मा ढल तथा सडक स्तरउन्नति कार्य | २११४४७० |
| २०७८, ३।२० | वडा नं २ मा ढल तथा सडक स्तरउन्नति कार्य | १९९७९८६ |
| १७३६, २।२९ | वडा नं ४ मा पार्क निर्माण कार्य | ९९९८८७ |
| १७०५, २।२५ | वडा नं १३ मा जनउद्धार मा विको कम्पाउण्ड वाल निर्माण | ९८५८९६ |
| १५८०, २।८ | वडा नं ११ मा बाटो ढलान कार्य | ६८६००१ |

३८ **छात्रबृत्ति र पोषाक**

- ***..........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.३०,००,०००।- सम्परीक्षण गरिएको ।)***

३९ **विबरण पेश नभएको**

- ***..........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.२,५०,००,०००।- सम्परीक्षण गरिएको ।)***

४० **मनोविमर्श सेवा**

पालिकाले वडा कार्यालयमा कार्यरत रहने गरी १० जना मनोविमर्शदातालाई उप प्रमुख संग महिला विकास कार्यक्रम खर्च शिर्षकबाट मासिक रु ८०००।का दरमा सम्झौता गरी रु ९,६०,०००।खर्च गरेको छ। मनोविमर्शदाताको पारिश्रमिकमा मात्र खर्च भएको उल्लेखित कार्यक्रमको सेवा तथा विमर्शका प्रकार, आवश्यकता, कतिजना सेवाग्राहीलाई कस्ता प्रकारका मनोविमर्श सेवा उपलब्ध गराए, उपलब्ध सेवाको प्रभावकारीता र गुणस्तर जस्ता पक्षहरुको विषय समावेश नभएकोले उल्लेखित कार्यक्रमको प्रभावकारीता सम्बन्धमा यकिन गर्न सकिएन। तसर्थ उलब्धिपूर्ण प्रभावकारीताको यकिन गरेर मात्र कार्यक्रम संचालन गर्नुपर्दछ।

४१ **नपुग कर रकम**

आयकर ऐन,२०५८ को दफा ८८ मा परामर्शदातालाई रकम भुक्तानी गर्दा १५ प्रतिशतका दरले अग्रिम कर कट्टा गर्नु पर्ने व्यबस्था उल्लेख छ। अषाढ महिनाको भौचर परीक्षणमा पालिकाले निम्न अनुसारको भौचर नं र मितिमा भुक्तानी भएको परामर्शदाताहरुको भुक्तानीमा घटी कर कट्टा गरेको देखियो। तसर्थ उक्त भुक्तानी रकमको नपुग कर रकम संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| भौ.नं. र मिति | कार्यक्रम | भुक्तानी पाउने | नपुग कर रकम |
|---|---|---|---|
| २०४२, ३।१९ | ७ दिने उद्घोषण तालिम | बुढानिलकण्ठ चेतनशील महिला समाजलाई रु.१०००००।- भुक्तानीमा रु.३६९९।- मात्र कर कट्टा भएको । | ११३०१ |
| २०१८, ३।१८ | कौशी खेती र फोहोर व्यबस्थापन सम्बन्धि ७ दिने तालिम | नारी सचेतना समाज नेपाललाई रु.४४८६०४।- भुक्तानीमा रु.१०७५५।- मात्र कट्टा भएको र सम्झौता भन्दा रु.१४०४।- बढी भुक्तानी भएको। | ५७७३० (बढी भुक्तानी सहित) |
| २२३३, ३।३१ | योजना तर्जुमा र टोलभेला कार्यक्रम | शान्ती लामाको पेश्की फछ्र्यौट रु.२२५०००।- मा कर कट्टी नभएको। | ३०९४ |
| **जम्मा** | | | **७२१२५** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७२,१२५ |

४२ **दिवा खाजा**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले सामुदायिक विद्यालयको प्रारम्भिक बालबिकास कक्षा देखि कक्षा ६ सम्ममा अध्यनरत विद्यार्थीहरुको लागि विद्यालयमा उपस्थिति हाजिरीको आधारमा प्रति विद्यार्थी रु.१५।- को दरले १८० दिनको लागि त्रैमासिक रुपमा दिवा खाजाको रकम निकासा दिने व्यवस्था छ । पालिकाले विद्यार्थीहरुको उपस्थिति हाजिरी विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या एकिन भएपश्चात मात्र त्रैमासिक रुपमा निकासा गर्नुपर्नेमा विद्यालयले उपलब्ध गराएको हाजिरी विवरणको आधारमा ६ वटा भौचर(२९, ५६, ७०, ९१, १३८ र २६४)बाट १९ वटा सामुदायिक विद्यालयको खातामा रु.१,०६,५३,८८५।- निकासा गरेको छ । दिवा खाजा त्रैमासिक रुपमा विद्यार्थीहरुको उपस्थिति हाजिरी पुस्तिकाका आधारमा निकासा गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

४३ **नमुना विद्यालय**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.७.१३.१३ मा नमुना विद्यालय विकास एवम् संचालन निर्देशिका,२०७४(संशोधनसहित) मा उल्लेखित तत्कालिन रुपमा शैक्षिक सुधार हुने क्रियाकलाप निर्धारण गरी शैक्षिक पूर्वाधारहरु, छात्रावास व्यवस्थापन, शैक्षिक शुसासनका न्यूनतम शर्त पुरा गर्ने लगायतका कार्यक्रम गर्न भौतिक पूर्वाधार विकासका लागि विनियोजित बजेटको कार्य प्रगति सहित आवश्यक बजेट सहितको प्रस्ताव विद्यालयबाट पेश गर्न लगाउने र यस आर्थिक वर्षमा सम्पादन गर्ने कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालयबिच सम्झौता गरी प्रति विद्यालय ३० लाख देखि ५० लाखसम्म कार्य सम्पादनमा आधारित अनुदान उपलब्ध गराउने उल्लेख छ । साथै विद्यालयले सम्झौता अनुसार काम गरे वा नगरेको नियमित अनुगमन गरी कार्य प्रगति पेश गर्नुपर्ने उल्लेख गरेको छ । पालिकाले यस वर्ष बाल उद्धार मा.वि.लाई भौतिक पूर्वाधार तर्फको २०७८।७९ को प्रगति प्रतिवेदन पेश

गरेको आधारमा नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनको लागि रु. ५० लाख अनुदान निकासा गरेको छ । सो अनुदानबाट निर्देशिका अनुरुप कार्य गरी प्रगति प्रतिवेदन लगायत कागजात पेश नगरेकोले सो पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,००,००० |

४४ **विज्ञान प्रयोगशाला तथा पुस्तकालय स्थापना तथा व्यवस्थापन**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।०८० को क्रियाकलाप नं. २.७.१३.१३ को क्रियाकलाप ९.४ मा पुस्तकालय नभएका, विगत आवमा पुस्तकालय अनुदान प्राप्त नगरेका, उच्च विद्यार्थी संख्या भएका र पुस्तकालय व्यवस्थापनका लागि आवश्यक कक्षा कोठा भएका माध्यमिक विद्यालयहरु र क्रियाकलाप ९.६ मा विज्ञान विषय पढाई भएका, प्राविधिक धार सञ्चालित र नमुना विद्यालयलाई यस प्रकारको अनुदान निकासा दिने व्यवस्था छ । साथै विद्यालयहरुले खरिद ऐन नियम अनुसार सिकाई सामग्रीहरु खरिद गरेपश्चात बिल भर्पाई तथा जिन्सी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने व्यव्स्था छ । पालिकाले भौ.नं. २७९।२०८०।३।२४ बाट निम्नानुसार विद्यालयलाई ICT वापत रु.६,५०,०००।- भुक्तानी गरेकोमा बिल भरपाई, जिन्सी दाखिला लगायतको प्रमाण कागजात पेश नगरेकोले सो पेश गर्नुपर्ने रु.

| सि.नं. | विद्यालयको नाम | कार्यक्रम | रकम |
|---|---|---|---|
| १ | जनजागृति मा.वि. | विज्ञान प्रयोगशाला | ६५०००० |

*(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश गरेको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.६,५०,०००।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,५०,००० |

४५ *छात्रवृत्ति वितरण*

- ***..........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.११,२२,४००।- सम्परीक्षण गरिएको ।)***

४६ *पाठ्यपुस्तक खरिद*

- ***..........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.५०,६४,२७२।- सम्परीक्षण गरिएको ।)***

४७ *भेन्डिङ मेशिन खरिद तथा जडान*

- ***..........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.६,९०,९९८।- सम्परीक्षण गरिएको ।)***

४८ ***बढि ग्रेड***

- ***..........(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.१८,१००।- सम्परीक्षण गरिएको ।)***

४९ **नन फाईलर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ७ बमोजिम असुल गरेको मूल्य अभिवृद्धि कर विवरण दफा १९ बमोजिम अर्को महिनाको पच्चीस गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार फर्म तथा निर्माण व्यवसायीलाई रु.५८,०६,५४५।- भुक्तानी गरेकोमा आन्तरिक राजस्व विभागको वेभसाईटमा प्यान सर्च गरी हेर्दा नन-फाईलर देखिएकोले ७० प्रतिशत मूल्य अभिवृद्धि कर रु.५,०९,४३८।- को कर समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ ।

| भौ.नं. र मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | भुक्तानी रकम | मूअ कर रकम | ७० प्रतिशत मूअ कर | नन फाईलर रहेको मिति |
|---|---|---|---|---|---|---|
| १७३।०८०।२।२२ | बि.एन. कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ६०९७८७३१३ | १८१४१११ | २०८७०३ | १४६०९२ | २०७९ १२ महिना |
| ९५९।०८०।३।२३ | बंगलामुखी/जि.एस. जे.भि. | ६१७४३७४०६ | ३९९२४३४ | ५१९०१६ | ३६३३४६ | २०७८।९।६ |
| **जम्माः** | | | **५८०६५४५** | **७२७७१९** | **५०९४३८** | |

५० ***पारिश्रमिक कर***

५०.१
- ***..........(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.५६,६२५।- सम्परीक्षण गरिएको ।)***

५०.२
- ***..........(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०५ को निर्णयबाट रु.२२,४५५।- सम्परीक्षण गरिएको ।)***

५१ **बढी दरमा भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउन सक्ने व्यवस्था छ । साथै उपदफा ६ मा उपभोक्ता समितिले कामको प्राविधिक मूल्याङ्कन, बिल भर्पाई र खर्च प्रमाणित गर्ने अन्य आवश्यक कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश भएपछि भुक्तानी गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समितिलाई रकम भुक्तानी गर्दा पालिकाले तोकेको दर रेट अनुसार भुक्तानी गर्नुपर्दछ । पालिकाले निम्नानुसार उपभोक्ता समितिलाई Providing & Laying of plain/reinforced cement concrete PCC Grade M-२० (१:१.५:३ C:S:A Nominal Mx) for PCC in Foundation Complete as per drawing and technical specification को दरमा फरक पारी रु.९२,२४९।- बढि भुक्तानी भएकोले असुल हुनुपर्ने रु.

| भौ.नं. र मिति | उपभोक्ता समिति | पालिका दर | भुक्तानी दर | बढि दर | परिमाण | बढी रकम |
|---|---|---|---|---|---|---|
| २५।०७९।५।८ | यज्ञमति मार्य टोल सुधार समिति | १२२१९.८१ | १२५५६.४९ | ३३६.६८ | १५२.५६ | ५१३६३ |
| २४।०७९।५।८ | चपली बाटो निर्माण समिति | १२२१९.८१ | १२५५६.४९ | ३३६.६८ | ६१.०२ | २०५४४ |

| ५१।०७९।५।१२ | त्रिवेणी मार्ग उपभोक्ता समिति | १२२१९.८१ | १२५५६.४९ | ३३६.६८ | ६०.४२ | २०३४२ |
|---|---|---|---|---|---|---|
| जम्माः | | | | | | ९२२४९ |

| असुल गर्नुपर्ने | ९२,२४९ |
|---|---|

५२ **सडक बत्ती जडान**

✓ ***..........(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.२४,१४२।- सम्परीक्षण गरिएको ।)***

५३ **वितरण भर्पाई**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम सरकारी रकमको खर्च लेखु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ.नं. १९४।२०८०।३।५ बाट निम्नानुसार सामान खरिद गरी वितरण गरेको भर्पाई पेश भएकोमा खरिद गरेको सबै सामान वितरण गरेको भर्पाई पेश नभएकोले सो पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| सि.नं. | सामानको नाम | खरिद | वितरण | रकम |
|---|---|---|---|---|
| १ | कृत्रिम गर्भाधान झोला | ४० दर १५१० | ३३ | १०५७० |
| २ | एआई सेथ | ४० दर ४५० | ३१ | ४०५० |
| ३ | एआई ग्लोभ | ४० दर ९७५ | ३१ | ८७७५ |
| जम्मा | | | | २३३९५ |

| प्रमाण पेश नगरेको | २३,३९५ |
|---|---|

५४ **नर्मसको पालना**

अर्थ मन्त्रालयबाट जारी कार्य सन्चालन निर्देशिका, २०७७ मा तालिम, कार्यक्रम तथा गोष्ठिमा आन्तरिक सहजकर्ता भएमा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापत रु.८००।-, प्रतिवेदन वापत रु.१,५००।-, कार्यक्रम संयोजक भत्ता वापत रु.४००।- पाउने उल्लेख गरेको छ । पालिकाले विभिन्न तालिम तथा कार्यक्रम संचालन गरी आन्तरिक सहजकर्तालाई रु.१,०००।-, प्रतिवेदन वापत रु.२,०००।-, कार्यक्रम संयोजक भत्ता वापत रु.१,०००।- का दरले भुक्तानी गरेको देखिन्छ । पालिकाले तालिम तथा कार्यक्रम संचालन गर्दा निर्देशिकाको पालना गर्नुपर्दछ ।

५५ **बुढानिलकण्ठ क्षेत्र विकास समिति**

बुढानिलकण्ठ क्षेत्र विकास समितिको आर्थिक वर्ष २०७९।०८० को आय व्यय देहाय अनुसार रहेको छ।

| क्र.सं. | आयतर्फ | रकम | क्र.सं. | व्ययतर्फ | रकम |
|---|---|---|---|---|---|
| १ | गत वर्षको अ.ल्या. | २०२६६२ | १ | कर्मचारीहरुको तलब | १६५८१२५ |
| २ | नगरपालिकाबाट निकासा | १८४९२०० | २ | कर्मचारी पोषाक | ७०००० |
| ३ | फुल पसल भाडा | ३२०९०० | ३ | कार्यालय मन्दिर विद्युत महसुल | १४७१४७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | अन्य विविध | १२४३३० | ४ | संचार महसुल | १०००० |
| | | | ५ | सार्वजनिक मर्मत सुधार तथा सरसफाई ज्याला | २४८१३० |
| | | | ६ | कार्यालय मसलन्द खर्च | ५७२५० |
| | | | ७ | विविध खर्च | ८९७०० |
| | | | ८ | बैंक मौज्दात | २१६७४० |
| **जम्माः** | | **२४९७०९२** | **जम्माः** | | **२४९७०९२** |

बुढानिलकण्ठ क्षेत्र विकास समितिको यस वर्ष नगरपालिकाबाट निकासा प्राप्त रु.१८,४९,२००।-, गत वर्ष बांकी रु.२,०२,६६२।- र फुल पसल र अन्य विविध आय रु.४,४५,२३०।- गरी रु.२४,९७,०९२।- कुल आय रहेकोमा कार्यरत कर्मचारीहरुको तलब रु.१७,२८,१२५।-, अन्य विविध खर्च रु.५,५२,२२७।- गरी रु.२२,८०,३५२।- खर्च भई रु.२,१६,७४०।- बांकी बैंक मौज्दात देखिन्छ । मठको आम्दानी हालसम्म पनि बुढानिलकण्ठ क्षेत्र विकास समितिको खातामा नआई गुठी संस्थान नारायनस्थान व्यवस्थापन समितिको खातामा दाखिला हुने गरेको छ । मठबाट प्राप्त आम्दानी एकिन गरी बुढानिलकण्ठ क्षेत्र विकास समितिको नाममा आउनुपर्ने देखिन्छ ।

## ५६ कर कट्टी

आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा कार्य गरेवापत भुक्तानी गर्दा भुक्तानी रकमको १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार संस्थाहरुलाई सेवा कार्य गरे वापत रु.१९,९८,३९४।- भुक्तानी गर्दा १५ प्रतिशत कर रु.२,०१,६११।- कट्टी नगरेकोले असुल हुनुपर्ने रु.

| भौ.नं. र मिति | संस्था | कार्यक्रम | भुक्तानी रकम | कट्टा गर्नुपर्ने रकम | कट्टा गरेको रकम | बाँकी रकम |
|---|---|---|---|---|---|---|
| २५१।०८०।३।२१ | नारी चेतना समाज नेपाल | सामुदायिक विद्यालयका कक्षा ९ र १० का विद्यार्थीहरुलाई जनचेतनामुलक कार्यक्रम रअन्य सिपमुलक तालिम संचालन | १५००००० | २२५००० | ५५०३८ | १६९९६२ |
| २५६।०८०।३।२२ | जिवनका लागि भोजन नेपाल | पोषण तथा स्वास्थ्य सचेतना अभियान कायर्क्रम | ४९८३९४ | ७४७६० | ४३१११ | ३१६४९ |
| **जम्माः** | | | **१९९८३९४** | **२९९७६०** | **९८१४९** | **२०१६११** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,०१,६११ |

## ५७ खाजा खर्च

नगरपालिकाले कार्यसञ्चालन निर्देशिका, २०७८ बनाई सोको परिच्छेद ३(५) बमोजिम कार्यालय समयभन्दा अतिरिक्त २ घण्टा काम गरेको अवस्थामा मात्र खाजा खर्च प्रदान गर्ने व्यवस्था गरेको छ । संघीय सशर्त बजेटबाट जुन शिर्षकमा विनियोजन भएको छ सोही शिर्षकमा खर्च गर्नुपर्दछ । साथै अर्थ मन्त्रालयबाट जारी भएको कार्य सञ्चालन निर्देशिका,२०७७ को बुंदा नं ७.१.४ मा अतिरिक्त समयमा गरिने काम र सोबाट प्राप्त हुने नतिजा लेखा उत्तरदायी अधिकृतबाट प्रमाणित गराएको हुनुपर्ने, नियमित काम बाहेक विषेश कामको लागि

दैनिक २ घण्टा भन्दा बढि अतिरिक्त काम गरेको हुनुपर्ने तथा विद्युतिय हाजिर प्रणाली लागु भएको अवस्थामा खाजा खर्च भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्वास्थ्यका ३६ जना, स्वास्थ्यका दरवन्दी भन्दा बढि १० जना, करार अनमी २ जना, शिक्षाका श्रोत व्यक्ति १ जना, लघु उद्यम विकास शाखाका २ जना गरी ५१ जना कर्मचारीहरुलाई मासिक रु.३,३००।- का दरले १२ महिनाको रु.२०,१९,६००।- भुक्तानी गरेको देखिन्छ । अतिरिक्त समय काम गरेको प्रमाण बिना संघीय सशर्त चालुको पारिश्रमिक शिर्षकबाट खाजा खर्च भुक्तानी गरेकोले असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,१९,६०० |

५८ **औषधी उपचार खर्च**

मृगौला प्रत्यारोपन गरेका, डायलाईसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधि उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ को बुंदा नं. ४ मा नेपाल सरकारले तोकेको मासिक पाँच हजार रुपैयाँका दरले त्रैमासिक रुपमा महिनाको अन्तिम दिन स्थानीय तहले लाभग्राहीको बैंक खातामा जम्मा गर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष १५३ जना लक्षित समुहहरुलाई रु.७९,७५,०००।- भुक्तानी गरेको देखिन्छ । पालिकाले कार्यविधि अनुसार सम्बन्धित लाभग्राहीको बैंक खाता मार्फत भुक्तानी गर्नुपर्नेमा विभिन्न कर्मचारीहरुलाई पेश्की दिई भर्पाई गराए पश्चात फस्योंट गर्ने गरेको देखियो । यसरी पेश्की दिई रकम भुक्तानी दिंदा सम्बन्धित लाभग्राहीहरुले पाए वा पाएन एकिन गर्न नसकिने भएकोले कार्यविधि अनुसार रकम उपलब्ध गराउने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

५९ **सहभागी भत्ता**

- ***..........(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.७,५००।- सम्परीक्षण गरिएको ।)***

६० **बढी दरमा बैठक भत्ता**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको ऐन २०७७ को अनुसूची १ (ख) मा नगरपालिका तहका जनप्रतिनिधिको संयोजकत्वमा बसेको बैठकको भत्ता दर रु. १००० ले हुने व्यवस्था रहेको छ । पालिकाले भौ.नं. २७६, ११८९।२०७९।६।१३ बाट विधेयक समितिका पदाधिकारी र आमन्त्रित कर्मचारीहरुको मिति २०७९ साउनदेखि फागुनसम्मको बैठक भत्ता रु.१,५००।- का दरले भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.५३,९७५।- सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| क्र.सं. | पदाधिकारीको नाम, थर | पद | बैठक संख्या | भुक्तानी भएको भत्ता दर | भुक्तानी हुनुपर्ने भत्ता दर | बढी भुक्तानी (कर पछि) |
|---|---|---|---|---|---|---|
| १ | गोमा मंग्रान्ती | संयोजक | १७ | १५०० | १००० | ७२२५ |
| २ | रिता दाहाल | सदस्य | १७ | १५०० | १००० | ७२२५ |
| ३ | कृष्ण खत्री | सदस्य | १७ | १५०० | १००० | ७२२५ |
| ४ | हेप्सिवा लामा | सदस्य | १७ | १५०० | १००० | ७२२५ |
| ५ | मंगल नगरकोटी | सदस्य | १७ | १५०० | १००० | ७२२५ |
| ६ | मणि राम राई | सदस्य सचिव | १७ | १५०० | १००० | ७२२५ |
| ७ | पुण्य प्रसाद काफ्ले | कानुनी सल्लाहकार | १४ | १५०० | १००० | ५९५० |
| ८ | वाशुदेव मल्ल | अधिकृत | ५ | १५०० | १००० | २१२५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | अन्जना राई | सहायक चौथो | ६ | १५०० | १००० | २५५० |
| **जम्माः** | | | | | | **५३९७५** |

*(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०५ को निर्णयबाट रु.३,८२५।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५३,९७५ |

६१ **बढी आमन्त्रित सदस्य**

सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धि मापदण्ड, २०७७को बुँदा नं ६ को ७ मा कानुन बमोजिम गठन भएका समिति वा सञ्चालक समितिको बैठकमा विषय विज्ञ बाहेक आमन्त्रित सदस्यको रुपमा सहभागी हुनेले बैठक भत्ता नपाउने तथा अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०७७ मा बैठकमा आमन्त्रित सदस्य संख्या ३ जना भन्दा बढी राख्न नमिल्ने व्यवस्था छ। पालिकाले समेत आफ्नो कार्यसञ्चालन निर्देशिकामा समितिको संख्याको २५ प्रतिशतले हुने संख्या मात्र आमन्त्रित सदस्यमा राख्न सकिने व्यवस्था गरेकोमा विभिन्न प्रकारका बैठक भत्ता भुक्तानीमा समितिका सदस्यहरु बाहेकका आमन्त्रितको संख्या तोकिए भन्दा बढी राखी भुक्तानी गरेको देखियो। तसर्थ तोकिएका निर्देशिका तथा मापदण्डको पालना गरी खर्च गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्छ ।

| भौ.नं र मिति | बैठक | विवरण | भुक्तानी |
|---|---|---|---|
| ९७६।०७९।११।०५ | वातावरणीय अध्ययन एंव सिफारिस समिति | समितिमा ५ जना संख्या रहेकोमा आमन्त्रितमा ६ जना राखी बैठक भत्ता भुक्तानी। | २२९५० |
| २४१।०७९।०६।११ | अवैध बालुवाको स्थलगत निरीक्षण समिति | समितिमा ५ जना सदस्य रहेकोमा आमन्त्रितमा ४ जना राखी बैठक भत्ता भुक्तानी। | ४५९०० |

६२ **न्यायिक समितिको भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा न्यायिक समिति सम्बन्धी व्यवस्था रहेको छ। साथै स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन, २०७७ को दफा ४ क मा न्यायिक समितिका सदस्यले अनुसूची १ ग बमोजिमको भत्ता पाउने र ८ क मा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि एकै प्रकृतिको समितिको बैठक जतिसुकै पटक बसेपनि बैठकमा उपस्थित सदस्यले मासिक रुपमा ४ पटक भन्दा बढी बैठकको बैठक भत्ता नपाउने व्यवस्था रहेको छ। पालिकाले तोकिएको सिमा र दर भन्दा बढी अर्थात् ६ महिनामा २४ वटा भन्दा बढी बैठकको बैठक भत्ता भुक्तानी गरेको छ। कानुन विपरितको उक्त खर्च सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| क्र.सं. | पद, नामथर | बैठक संख्या | बढी बैठक संख्या | भुक्तानी भएको दर | भुक्तानी हुनुपर्ने दर | बढी भुक्तानी(कर बाहेक) |
|---|---|---|---|---|---|---|
| १ | संयोजक अनिता लामा | ४१ | १७ | १५०० | १४०० | २३७१५ |
| २ | सदस्य सावित्री ढकाल | ४१ | १७ | १५०० | १२०० | २७७९५ |
| ३ | सदस्य विकास तामाङ | ४१ | १७ | १५०० | १२०० | २७७९५ |
| ४ | इजलास अ. पुण्य प्र. काफ्ले | ४० | १६ | १५०० | १२०० | २६५२० |
| ५ | अभिलेख प्रशासक मणिराम राई | २३ | - | १५०० | १२०० | ५८६५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | उजुरी प्रशासक वाशुदेव मल्ल | २१ | - | १५०० | १२०० | ५३५५ |
| ७ | स. चौथो अन्जना राई | २२ | - | १५०० | १२०० | ५६१० |
| ८ | स.पाँचौ स्वर्णीम अधिकारी | ७ | - | १५०० | १२०० | १७८५ |
| **जम्मा** | | | | | | **१२४४४०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२४,४४० |

६३ **दोहोरो भत्ता**

*✓ ..........(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०५ र २०८०।१२ ।०८ को निर्णयबाट रु.४०,५५०।- सम्परीक्षण गरिएको ।)*

६४ **अग्रिम कर छुट**

आयकर ऐन, २०५८ को दफा ८८ मा परामर्शदातालाई रकम भुक्तानी गर्दा (मूल्य अभिवृद्धि करमा दर्ता नभएमा) १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ।पालिकाले देहायका संस्थालाई तालिम, कार्यक्रम सञ्चालन गरेबापत् भुक्तानी गर्दा १.५ प्रतिशत मात्र कर कट्टी गरी कर छुट भएको देखिँदा छुट कर असुल गरी संघीय राजश्व खातामा दाखिला गर्नुपर्ने रु.

| भौ.नं. र मिति | संस्थाको नाम | भुक्तानी रकम | लाग्ने कर | कट्टी कर | छुट कर |
|---|---|---|---|---|---|
| २८९।०७९।०६।१४ | दलित अधिकार तथा विकास केन्द्र(६००६३०३४६) | ९९२०० | १४८८० | २२२० | १२६६० |
| ८४४।०७९।१०।१९ | सिरिषा हर्बल ब्युटी होम | १४८९०० | २२३३५ | २२३४ | २०१०१ |
| १४०९।०८०।०१।१२ | आर्थर मार्ग कृषि समूह(६१९५८९१२३) | ३००००० | ४५००० | ६८१३ | ३८१८७ |
| **जम्माः** | | | | | **७०९४८** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७०,९४८ |

६५ **महंगी भत्ता**

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७४।१।१९ को निर्णय अनुसार सबै निकायमा कार्यरत स्वीकृत दरबन्दी भित्र रहेका करार कर्मचारीहरुको सेवा सुविधामा एकरुपता कायम गर्न साविक सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या कानुन १८।२०७३।४७ चलानी नं २१७ मिति २०७४।१।२५ को परिपत्रमा करार कर्मचारीले महंगी भत्ता पाउने उल्लेख गरेको देखिँदैन। पालिकाले करार कर्मचारीहरु इन्जिनियर अधिकृत छैटौं १ जना, सूचना प्रविधि अधिकृत १ जना, सब ईन्जिनियर सहायक पाँचौ १०, अमिन लगायत ९३ जना नगर कार्यपालिकातर्फको र २६ जना स्वास्थ्य कर्मचारीहरु गरी ११९ जना करार कर्मचारीहरुलाई मासिक रु. २०००। का दरले महंगी भत्ता रु. २८,५६,०००।भुक्तानी गरेको देखियो। यस सम्बन्धमा गत बर्षको लेखापरीक्षण प्रतिवेदनमा कैफियत औंल्याए पनि अवस्था यथावत छ ।तसर्थ उक्त महंगी भत्ता खर्च अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २८,५६,००० |

६६ **बेरितको कर बिजक**

मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम १७ (१) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि बाहेक प्रापकलाई अनुसूची ५ र ५ (क) बमोजिमको ढाँचामा कर बिजक दिनुपर्ने व्यवस्था छ।कार्यालयले भुक्तानी गरेको निम्न फर्मले जारी गरेको कर बिजकमा हातले कर बिजक नं. लेखेको र केरमेट गरेको पाइयो।रितपूर्वक कर बिजक जारी नगरी भुक्तानी गरेको रकमको कर रकम समायोजन गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| भौ.नं. र मिति | कर बिजक नं. र मिति | फर्मको नाम | भुक्तानी रकम | मू अ कर |
|---|---|---|---|---|
| १९।०७९।०५।०६ | ६१९ लाई ०१९ बनाएको<br>०७९।४।२१ | मनकामना टायर हाउस (६०१३३८०९०) | ४८४९९। | ५५३८। |
| १५२।०७९।०६।०२ | २४ ।०७९।०५।२८ | सिन्धु स्पोर्टस् सेन्टर (६१२७७२०९२) | ४१६४०।५० | ४७९०।५० |
| १८३।०७९।०६।०४ | ०७९।०६।०२ बिल अष्पस्ट | Taaj Pal ace | १००७९६। | ११५९६। |
| ३२१।०७९।०६।३१ | ०७९।०६।०३ केरमेट गरेको | अतिथि फर्मा एण्ड ट्रेड प्रा.लि. | ७९६७६। | ९१६६।३० |
| ५१६।०७९।०८।१९ | ००३।०७९।०८।११ | स्मार्क वान टेक्नोलोजी प्रा.लि. | ६३२८०। | ७२८०। |
| ५७६।०७९।०९।०४ | १४।०७९।०७।१४ | बुढानिलकण्ठ पार्टी प्यालेस एण्ड क्याटरिङ सर्भिस | १०१३६९। | ११६६१। |
| ६७१।०७९।०९।२० | बिजक नं नभएको<br>०७९।०८।२५ | महाकाली ट्रेड एण्ड सप्लायर्स | ९९२०२।७ | ११४१२।७ |
| ९९८।०७९।११।१० | ०४ हातले लेखेको<br>०७९।०९।०६ | सन्दीप दंगाल एण्ड कम्पनी | ४५२००। | ५२००। |
| ११३६।०७९।१२।०५ | ०८ हातले लेखेको<br>०७९।११।२९ | विश्वदर्शन मिडिया ग्रुप प्रा.लि. | १०००००। | ११५०४.४२ |
| १२७१।०७९।१२।२१ | १० हातले लेखेको<br>०७९।१२।१९ | स्मार्क वान टेक्नोलोजी प्रा.लि. | ९७३८९। | ११२०४ |
| १४३२।०८०।०१।१५ | १०१।०७९।१२।२६ | बुढानिलकण्ठ पार्टी प्यालेस एण्ड क्याटरिङ सर्भिस | १३३३५५।८२ | १५३४१।८२ |
| ७६।०७९।०५।१५ (पुँजीगत) | ०११।०७९।०२।०३ | ॐ माहा सरस्वती कन्स्ट्रक्सन प्रा.लि. | ३४९०३४।४० | ४०१५४।४० |
| **जम्माः** | | | | **१४४८४९।१४** |

| प्रमाण पेश नगरेको | १,४४,८४९.१४ |
|---|---|

६७ **अनियमित बैठक भत्ता**

- *..........(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०५ र २०८०।१२ ।०८ को निर्णयबाट रु.५७,३७५।- सम्परीक्षण गरिएको ।)*

६८ **टि-सर्ट वितरण र मौज्दातको प्रमाण**

*✓ ..........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.१,०३,३९५।- सम्परीक्षण गरिएको ।)*

६९ **जनप्रतिनिधिलाई पेश्की**

बुढानिलकण्ठ नगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७८ बमोजिम वार्षिक नीति तथा कार्यक्रममा समावेश भएका कामको कार्यान्वयन र खर्च कर्मचारीबाट गरी सोको लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले भौ.नं. ६८८।२०७९।९।२२ बाट बु.न.पा. ३ मा रहेको नारायणको मन्दिरमा मिति ०७९।०७।१८ देखि ०७।२२ सम्म ५ दिन एकादशी मेला सञ्चालन तथा व्यवस्थापन गर्न वडा नं ३ का वडाध्यक्ष श्री आकाश धितालले शुरुमा आफैं रु. ४ लाख पेश्की लिई पेश्की फछ्र्यौट गर्दा निजले पेश गरेको फाँटबारीमा ३००० जना स्वयंसेवकलाई रु.१५०।०० का दरले खाना बापतको रु. ५,०८,५००। गेट निर्माण एवं सजावट बापतको रु. २,७६,८५०। बत्ती सजावट बापतको रु. २,८२,५००। लगायत रु. १४,०२,१११। खर्च भएको बिल भरपाई पेश गरी थप रु. ९,८४,३०९।- भुक्तानी लिएको पाइयो । उक्त फाँटवारी प्रमाणित भएको छैन।खर्च गरेपछि उक्त खर्चको यथार्थता बारे परीक्षण हुनुपर्छ।वडाध्यक्षले आफैं पेश्की लिने, आफैं बिल भरपाई तयार गर्ने, आफैं भुक्तानीको सिफारिस गर्ने तथा आफैं भुक्तानी लिने परम्पराले खर्चको पारदर्शिता एवं वित्तीय अनुशासन समेत कायम हुन सक्ने देखिँदैन।साथै मेला व्यवस्थापनको लागि २०७९।८० को वार्षिक नगर विकास योजनामा रु.४,९३,०००। बजेट स्वीकृत भएकोमा १३ औं कार्यपालिका बैठकले कार्यक्रम खर्च शीर्षकबाट बाँकी रकम व्यहोर्ने निर्णय गरेकोले उक्त खर्चको सान्दर्भिकतामाथि प्रश्न गर्नुपर्ने स्थिति छ ।

७० **बढी दरमा बैठक भत्ता**

*✓ ...........(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०५ र २०८०।१२।०८ को निर्णयबाट रु.११,९०० ।- सम्परीक्षण गरिएको ।)*

७१ **निलम्बन अवधिको भत्ता**

महालेखा नियन्त्रक कार्यालयको मिति २०७३।४।१६ को पत्र संख्या २०७३।७४ राय परामर्श, च.नं. २३ को निलम्बनमा रहेका कर्मचारीको चाडपर्व र पोशाक भत्ता सम्बन्धमा भएको परिपत्रको बुँदा नं ३ मा निलम्बनमा रहेको अवस्थामा कुनै प्रकारका भत्ता पाउने उल्लेख छैन । पालिकाले निम्न कर्मचारीको तलब भत्ता भुक्तानीमा निलम्बन अवधिको खाजा भत्ता समेत भुक्तानी गरेको पाइयो।निलम्बन अवधिको तोकिएको सेवा सुविधा बाहेकको रकम भुक्तानी भएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| कर्मचारी | निलम्बन अवधि | महंगी र अन्य भत्ता |
|---|---|---|
| सब ई.विनोद पौडेल | २०७८।४।२४ | महंगी भत्ता रु.१२,०००।- र अन्य भत्ता रु.११३१५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,३१५ |

७२ **कार्यसम्पन्न प्रतिवेदन नभएको**

७२.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्चको पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्छ । पालिकाले भौ.नं.

९९३।२०७९।११।०८ बाट वडा नं १३ का विभिन्न स्थानमा ११० वटा बत्ती जडान गर्ने कार्य सम्पन्न गरेको हुनाले वडा सचिव नरेन्द्र श्रेष्ठको नाममा रु. ५,००,०००।- भुक्तानी गरेको छ।खर्चको फाँटबारी परीक्षण गर्दा Machinery and Electric Pvt. Ltd. बाट १२० वटा बत्ती खरिद गरी भुक्तानी लिएकोमा ११० वटा मात्र जडान भएको उल्लेख छ।सो जडान कार्यको कार्यसम्पन्न प्रतिवेदन समावेश छैन।यसर्थ बत्ती जडान कार्यको कार्यसम्पन्न सहित बाँकीको यकिन विवरण पेश गर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

७२.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ३९ (५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्चको पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्छ।बु.न.पा. का देहायका वडाहरुमा विद्युतीय ट्रान्सफर्मर जडान, पोलहरु स्थानान्तरण कार्यका लागि नेपाल विद्युत प्राधिकरणलाई रकम भुक्तानी भएको तर सो कामसम्बन्धी कार्यसम्पन्न प्रतिवेदन संलग्न नभएको हुँदा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| क.सं | भौ.नं. र मिति | कार्यविवरण | भुक्तानी |
|---|---|---|---|
| १ | ११०८।०७९।११।३० | वडा नं १३ मा टुपेक खानेपानी तथा सरसफाई उ स अन्तर्गतको डिप बोरिङको पानी वितरणको लागि विद्युतीय ट्रान्सफर्मर जडान | ४६०८०१ |
| २ | ११३४।०७९।१२।०५ | वडा नं ५ दुलाल गाउँमा एल टी लाइन स्थानान्तरण। | ४३७९३५ |
| ३ | ११७२।०७९।१२।०९ | वडा नं ६ को ज्यासिन्डोल भद्रकालीडेरी देखि विष्णुमति खोलासम्मको बाटो विस्तारमा पोलहरु स्थानान्तरण। | ६४५२७२.८९ |
| **जम्मा** | | | **१५४४००८.८९** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,४४,००८.८९ |

## ७३ शिर्षक फरक

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८(२क) मा खर्च गर्ने अधिकार प्राप्त अधिकारीले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धीत खर्च शिर्षकमा परेको यकिन गरेर मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले १५०० थान नगर डायरी छपाई गरी कपन बंगलामुखी ट्रेड एण्ड सप्लायर्सलाई रु.९,९६,६६०।-(संघीय सशर्त बाट रु.२,६५,०००।- र चालु शिर्षकबाट रु.७,३१,६६०।-) भुक्तानी गरेको देखिन्छ । पालिकाले सो डायरी जनप्रतिनिध, कर्मचारी र जनप्रतिनिधि मार्फत अन्य व्यक्तिहरुलाई वितरण गरेको देखियो । आवश्यकता अनुसार डायरी छपाई गर्नुपर्दछ । साथै संघीय सशर्तको रोजगार सेवा केन्द्रको संचालन खर्च शिर्षकबाट सो रकम भुक्तानी गरेकोले अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,६५,००० |

## ७४ शिक्षक दरवन्दी र पदपूर्ति

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस पालिका अन्तर्गत १९ वटा विद्यालयमा २४६ जना शिक्षक दरबन्दी भएकोमा २४१ जना पदपूर्ति र पदपूर्तिमध्ये ९२ जना करार/राहत शिक्षक रहेको देखिन्छ । दरवन्दी अनुसार

पदपूर्ति हुनुपर्दछ । ति विद्यालयहरुमा विद्यालय तथ्याङ्क अनुसार कुल विद्यार्थी संख्या ९२८५ रहेको देखिन्छ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएको विद्यालयबाट कम शिक्षक भएको विद्यालयमा शिक्षकको दरवन्दी मिलान एंव न्यून विद्यार्थी भएको विद्यालयहरु सम्भाव्यताको आधारमा समायोजन गर्नुपर्दछ ।

### ७५ ठेक्का व्यवस्थापन

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ८.२७ देखि ४५.२३ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्बन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्बन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| सि.नं | योजनाको नाम | ठेक्का नं | लागत अनुमान | सम्झौता रकम | फरक प्रतिशत |
|---|---|---|---|---|---|
| १ | बू.न.पा. सबै १३ वटै वडामा ग्राभेलिङ्ग गर्ने कार्य | ०७९_०८०।०१ | ९७८३१३३ | ५७७०५०३ | ४१.०२ |
| २ | च्यासिंडोलको सरस्वती गेट देखि स्याङ्जालि मोड (पिपल बोट) सम्म आर.सि.सि सडक निर्माण | ०७९_०८०।०२ | १९५४४६७५ | १२५३०३३० | ३५.८९ |
| ३ | वडा नं. ४ भवन निर्माण | ०७९_०८०।०३ | ५४९०२९८६ | ३७२७१२७० | ३२.११ |
| ४ | चिसेनी सडकमा आर.सि.सि बाटो र मेश्वनरि वाम निर्माण | ०७९_०८०।०४ | १९५४२५९६ | १०७०४४१० | ४५.२३ |
| ५ | सिमलि गाँउ देखि चौकि डाँडा पार्क सम्म ढलान निर्माण | ०७९_०८०।०५ | १९५७६०८७ | ११२९२५२५ | ४२.३१ |
| ६ | निलोपुल देखि ढलानेपुल सडक सम्म कालोपत्र गर्ने कार्य | ०७९_०८०।०६ | ६२६८९२८ | ५३६६९२६ | १४.३९ |
| ७ | जेष्ठ नागरिक पार्क वडा २ भित्र जेष्ठ नागरिक भवनको माथिल्लो तल्ला निर्माण गर्ने कार्य | ०७९_०८०।०७ | ६३४१४०९ | ४८६६५३१ | २३.२६ |
| ८ | गोल्डेन चोक देखि श्रीराम स्कुल सम्म कालोपत्रको काम | ०७९_०८०।०९ | ५०३६२६९ | ४३७३२२१ | १३.१७ |
| ९ | थापागाँउ देखि बुढानीलकणठ सम्म कालोपत्रको काम | ०७९_०८०।१० | ३२५८९७२ | २९८९३८५ | ८.२७ |
| १० | गुरुङ् चोक देखि मायाल चौतारा सम्म कालोपत्रको काम | Re ०७९-०८०।११ | २१२२६३९ | १८७४४९२ | ११.६९ |
| ११ | तनगाँउ सामुदायिक भवन वडा-६ निर्माण | Re ०७९-०८०।१२ | १७८६६०१ | १२४६४९६ | ३०.२३ |
| १२ | ईटलिटात, युनाइटेड कोलोनी र पासीकोट राष्ट्रिय चोक वडा ६ मा कालोपत्रे र सिवेर लाइन निर्माण | ०७९_०८०।१३ | ४२२१३०४ | ३६०३२४९ | १४.६४ |
| १३ | नँया कोलोनि, सुकेधारामा कालोपत्रे काम | ०७९_०८०।१६ | ५५२८६८८ | ४१७००१४ | २४.५७ |
| १४ | बरफेदि एकताबस्तिमा प्रि-मिक्स गर्ने कार्य | ०७९_०८०।१७ | ४९५६५३४ | ४०६१५६८ | १८.०६ |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | जोरधारा एरियामा प्रि-मिक्स गर्ने कार्य | ०७९_०८०।२१ | २४५६८११ | २१९६१२७ | १०.६१ |
| १६ | ईटलिटार देखि टोखा बाउन्ड्रि सम्म कालोपत्रको काम | ०७९_०८०।२६ | ५८८९६२७ | ५०१७१४० | १४.८१ |
| १७ | ओमनगरटोलमा रिजिड सडक र ह्युम पाईप राख्ने कार्य | ०७९_०८०।२७ | १३९८९३४ | १२०४०४२ | १३.९३ |
| १८ | रुद्रेश्वर धरमशालाको माथिल्लो तल्ला निर्माण र फिनिसिङ गर्ने कार्य वडा नं. २ | ०७९_०८०।२९ | ६०१५१७२ | ४८४९७४४ | १९.३७ |
| १९ | गुठि घरको माथिल्लो तल्ला निर्माण र फिनिसिङ गर्ने कार्य वडा नं. ३ | ०७९_०८०।३० | ५४८०००७ | ४४३४६३७ | १९.०८ |
| २० | वडा १० भवन निर्माण | ०७९_०८०।३१ | ४८७९७१६५ | ३५९१८७३८ | २६.३९ |
| २१ | स्मार्ट सौचालय निर्माण वडा ११ | ०७९_०८०।३२ | १६९७२०८६ | ११५६६२८९ | ३१.८५ |

७६ **मूल्य वृद्धि**

- ***..........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२ ।०८ को निर्णयबाट रु.५५,४८,८०२ ।- सम्परीक्षण गरिएको ।)***

७७ **पूर्व निर्धारित क्षतिपूर्ति**

सार्वजनिक खरिद नियमावली, १२१ (क) मा सामान आपूर्तिकर्ताले सम्झौता अनुसार आपूर्तिकर्ताको ढिलाइको कारण तोकिएको समयमा सामान आपूर्ति नगरेमा सम्झौता रकमको १० प्रतिशतले नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतले पूर्व निर्धारित क्षतिपूर्ति आपूर्ति गर्नुपर्ने उल्लेख छ । देहायमा सामान आपूर्तिकर्ताले सम्झौता अनुसार ढिला सामान आपूर्ति गरेकोले पूर्व निर्धारित क्षतिपूर्ति असुल गरी सञ्चित कोषमा दाखिला गर्नुपर्ने रू.

| भौ.नं. र मिति | सामान आपूर्तिकर्ताको नाम | सम्झौता रकम | सामान दाखिला गर्नुपर्ने मिति | सामान दाखिला मिति | ढिला दिन | जरिवाना |
|---|---|---|---|---|---|---|
| ५५४।२०७९।१२।१४ | लक्की ए.एस. इन्टरप्राइजेज (फर्निचर) | २५९८६४ | २०७९।९।२१ | २०७९।११।११ | ५० | ६७७७४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६७,७७४ |

७८ **बीमा खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा सम्झौता अनुसार निर्माण व्यवसायीलाई जोखिम न्यूनिकरणको लागि वि.ओ.क्यू. मा उल्लेख भएअनुसारको बीमा खर्च भुक्तानी दिनुपूर्व म्याद थप भए म्याद थपको अन्तिम मितिबाट त्रुटी सच्चाउने अवधिसम्मको जोखिम कभर गर्ने बीमाको पोलिसी सहित रकम तिरेको कर विजक संलग्न भएपछिमात्र बीमासहितको रकम भुक्तानी दिनुपर्दछ अन्यथा बीमा खर्च दिनु हुदैन । देहायका निर्माण व्यवसायीले सम्झौता गरेपछि सम्झौता अनुसार बीमा गरेपनि म्याद थप भएको अवस्थामा इञ्जिनियर, कामदार, इक्वीपमेन्ट तथा समग्र कामको बीमा गरेको वा बीमा अवधि थप गरेको प्रमाण पेस गरेको छैन । उक्त अवधि थप नगरेपनि पालिकाले म्याद थप गरेको देखिन आएन । तसर्थ लेखापरीक्षणको समयमा सोको प्रमाण पेस नभएको बीमा वापतको रकम निर्माण व्यवसायीबाट असुल गरी सम्बन्धित सञ्चित कोषमा दाखिला गर्नुपर्ने रू.

| सि.नं. | निर्माण व्यवसायीको नाम | विवरण | सम्झौता रकम | बीमा खर्च |
|---|---|---|---|---|
| १ | ओमबुद्ध।ओम बज्रगुरु जे.भी. | चण्डेश्वरी मन्दिर परिसर निर्माण | २१७४८००१ | ११८८२७ |
| २ | अभियान।अविसा जे.भी. | कोशेली घर निर्माण | २०७६७८९७ | १९००० |
| ३ | प्रतिष्ठा-गिरी जे.भी. | नगर सिटी अस्पताल | ९९४६५५१२ | १८२५०० |
| ४ | माङमालुङ्गामा कन्स्ट्रक्सन | वडा नं. ७ को भनव | ८४२२९५६ | २८४६२ |
| ५ | पशुपति कन्सट्रक्सन | बाटो निर्माण | ११२९२५२४ | ५६००० |
| जम्मा | | | | ४०४७८९ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,०४,७८९ |

७९ **सम्झौता गर्दा अवधि नखुलाएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीले सम्झौता अनुसार समयमा कार्यसम्पन्न गर्न नसकेकमा पूर्व निर्धारित क्षतिपूर्ति तिर्नुपर्ने व्यवस्था छ । तसर्थ सार्वजनिक निकायले निर्माण कामको ठेक्का मार्फत काम गर्दा विडिङ्ग डकुमेन्ट तथा सम्झौतामा काम सम्पन्न गर्नुपर्ने अवधि किटान गर्नुपर्दछ । पालिकाले सिद्धेश्वर मन्दिर पर्यटन पार्क निर्माण गर्न रू.२,६१,७५,८५०।७२ मा मिति २०७८।१०।२८ मा सम्झौता गरेको छ । उक्त काम सम्पन्न गरेवापत रू.२,२०,१३,७४५।- भुक्तानी दिएको विवरणमा उल्लेख छ । सम्झौतामा स्पेशल कन्डिशन अफ कन्ट्रयाक्टमा कमक सम्पन्न गर्नुपर्ने मितिपनि २०७८।१०।२८ नै उल्लेख गरेको छ । निर्माण व्यवसायीलाई उक्त काम गरेवापत अन्तिम भुक्तानी भौ.नं. ०६९ मिति २०८०।३।२३ मा दिएको छ । कार्यसम्पन्न प्रतिवेदनमा मितिसमेत उल्लेख छैन । सम्झौता गर्दा सामान्य उल्लेख गर्ने कुरामा पनि पालिकाको ध्यान दिएको देखिँदैन । यदि उक्त काम सम्पन्न गर्नुपर्ने मितिभन्दा ढिला सम्पन्न गरेको भए निर्माण व्यवसायीलाई क्षतिपूर्तिबाट छुट भएको देखिएको, बैङ्क जमानतको म्यादमा छुट भएको, बीमाको कभरेज मितिमा यकिन गर्न नसकिएको, त्रुटि सच्याउने अवधि यकिन गर्न समेत नसकिकएको हुँदा यसमा छानबिन गरी यकिन हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,२०,१३,७४५ |

८० **मूल्य समायोजन**

